श्रीव्रतः

चूडामणि शास्त्री

वैदिक ग्रन्थमालाको तृतीय पुष्प



श्रीव्रतः

(गोदाम्बा विरचित तिरुप्पावै मूलगाथा सहितः)



लेखक

चूडामणि शास्त्री

प्रकाशक :—
चूडामणि शास्त्री
श्रीवेङ्कटेश निवास
ऐंठपुर, महेन्द्रनगर
(म० अ०) नेपाल

संस्करण–प्रथम
वि.सं.–२०४५
प्रति–१०००
मुल्य–९।०

मुद्रक :—
श्रीवेङ्कटेश छापाखाना (प्रा०) लि०
महेन्द्रनगर, कञ्चनपुर
फोन : २३०



गौरम्मा

भूमिका

साक्षात् भूदेवीले त्रेतायुगमा अयोनीजा भएर सीतावतार लिनु भएको थियो। त्यस्तै प्रकारले श्रीभूदेवी कै अंशले गोदाम्बाजीले कलियुग प्रारम्भ भएको ९८ वर्षमा (नल नामक संवत्सरमा) अवतार लिनु भयो। अवतार पद्य यस प्रकार छ—

"आषाढे पूर्वफाल्गुन्यां तुलसीकाननोद्भवाम् ।
पाण्ड्ये विश्वम्भरां गोदां वन्दे श्रीरङ्गनायिकाम् ॥"

आषाढ महिनाको शुक्लपक्ष चतुर्थी मंगलवार पूर्वफाल्गुनी नक्षत्रमा पाण्ड्य देशको धन्विनव्यनगरमा एक तुलसीका नन्दनवनमा श्रीविष्णुचित्त स्वामीजीले बालिकाका रूपमा रङ्गनायिका गोदाम्बाजीलाई प्राप्त गर्नु भयो। यस्तो जगज्जननी गोदाम्बाजीलाई वन्दना छ। सन्तानहीन श्रीविष्णुचित्त स्वामीजीले यसरी प्राप्त गरेकी कन्याको 'गोदा' यस्तो नाम राख्नुभयो र पालन पोषण गर्नु भयो। गोदाम्बा द्वादश आल्वार भित्र गणना हुनुहुन्छ। आल्वारका नाम गणना यस प्रकार छन्—

(१) भूतयोगी, (२) सरोयोगी, (३) महद्योगी, (४) कुलशेखर, (५) विष्णुचित्त, (६) भक्तिसार, (७) भक्तांघ्रिरेणु, (८) शठकोप, (९) परकाल, (१०) मुनिवाहन, (११) मधुरकवि र (१२) गोदा, यी आल्वारहरूका द्वादश संख्या हुन्।

तमिल भाषामा गोदाम्बालाई 'आण्डाल' भन्दछन्। आण्डाल भनेको 'आचार्यानी' हो। यसैकारणले ठूलो भएपछि गोदाम्बाले श्रीभगवान् पुरुषोत्तमसंग प्रेम प्रकट गर्न लाग्नु भयो र अरु अरु भक्तहरू अनुयायी भए। उहाँले श्रीभगवान्लाई माला समर्पण गर्ने शृङ्गार सेवा स्वीकार गर्नु भयो। स्वयं राम्रो भनेर अनुभवगरिएको माला सप्रेम प्रभु-चढाउँन पठाउनु हुन्थ्यो। योरहस्य थाहापाएर विष्णुचित्तस्वामीजी

दु:खित हुनुभयो र माला चढाउँन वर्जित गर्नु भयो। तर स्वप्नमा प्रभुको गोदाम्बा अनुभूत माला नै स्वीकार गर्ने वचन सुनेर गोदाम्बाको महिमा थाहा पाउनुभयो। गोदाम्बाले यो तिरुप्पावै 'श्रीव्रत' रचना गर्दै तदनुकूल आचरण गर्नु भयो। यो तीश पद्यका ग्रन्थका आचरणले सबै सिद्धिका फल प्राप्त हुन्छन्। स्वयं गोदाम्बा श्रीभगवान् के साथ विवाह गरेर प्रभुसंगै समावेश हुनुहुन्छ। अतः यो व्रतोत्सव सेवाले मुमुक्षुका लक्ष्य समेत अवश्य पूर्तिहुन्छ।

यो तीश पद्यको व्याख्या पूर्वाचार्यहरूले गर्नु भएको छ। यो तीश पद्य ४००० दिव्य प्रबन्ध भित्र पर्दछन्। यो सर्वोच्च दिव्यप्रबन्धमा गणना भएका ग्रन्थ धेरै मान्यता प्राप्त ग्रन्थ हो र वेदका समकक्षमा यसको गणना छ। सबै आचार्यहरूका साथ श्रीरामानुज स्वामीजीले समेत नित्य अनुभव गरिने ग्रन्थ भित्र यसलाई मान्यता दिनुभएको हो। यो भक्त र भगवान्‌को प्रिय ग्रन्थ हो र धनुर्मासको उत्सवमा आचार्यहरूसंग सल्लाह लिएर पारायण प्रवचन गरिने ग्रन्थका स्थानमा यसको मान्यताछ।

यो ग्रन्थको व्रत र नित्य पारायण गर्दा अकाल, दुर्भिक्ष शत्रुपीडा, महामारी, रोगाक्रान्त, अभाव, दु:ख, कष्टहरूको निवारण र श्रीभगवन्मुखोल्लास पूर्वक मोक्ष प्राप्ति समेतको समर्थन प्राप्तहुन्छ।

यस ग्रन्थको दाक्षिणात्य श्रीवैष्णव परम्परामा नित्य मान्यता छ र नेपाली श्रीवैष्णव परम्परामा समेत यसका मान्यताको प्रवाह अग्रसर भएको छ। आफ्नै धारणा अनुसार अरुअरु मान्यजनले यसको व्याख्या लेख्नुभयो। मैले पनि आफ्नै धारणा अनुसार सेवा गरें। यसमा गोदाम्बाजीका मूल तमिलपद्य सम्पूर्ण रहेका हुदा पाठानुसन्धानलाई सुविधा छ। यसका अनुसरणले साथ पाएमा अरु पनि सेवा गर्न म तत्पर छु। सेवामा त्रुटि हुन्छन् र क्षमा पूर्वक सच्याएर पाठकवृन्दले अनुभव गर्नु होस्।

विनीत

चूडामणि शास्त्री

संक्षिप्त पूजाविधि:

लक्ष्मीनाथ समारम्भां नाथयामुन मध्यमाम् ।
अस्मदाचार्यपर्यन्तां वन्दे गुरुपरम्पराम् ॥

गुरुपरम्परानुसन्धानानन्तरम्–

आचमनम्– ॐ अच्युताय नमः
ॐ अनन्ताय नमः
ॐ गोविन्दाय नमः

न्यासः — १ ॐ केशवाय नमः २ ॐ नारायणाय नमः
३ ॐ माधवाय नमः ४ ॐ गोविन्दाय नमः
५ ॐ विष्णवे नमः ६ ॐ मधुसूदनाय नमः
७ ॐ त्रिविक्रमाय नमः ८ ॐ वामनाय नमः
९ ॐ श्रीधराय नमः १० ॐ हृषीकेशाय नमः
११ ॐ पद्मनाभाय नमः १२ ॐ दामोदराय नमः

सङ्कल्पः — श्रीलक्ष्मीनारायणकैंकर्यरूपां श्रीलक्ष्मीनारायणपूजां करिष्ये ।

पूजनम् — समस्तपरिवाराय सकलदिव्य–मङ्गलविग्रहाय श्रीमते नारायणाय नमः ।

आवाहयामि, रत्नसिंहासनं समर्पयामि, अर्घ्यं समर्पयमि, पाद्यं समर्पयामि, आचमनीयं समर्पयामि, जलस्नानं समर्पयामि, पञ्चामृत स्नानं समर्पयामि, पुनः शुद्धोदक स्नानं समर्पयामि, प्लोत वस्त्रं समर्पयामि, वस्त्रयुग्मं समर्पयामि, उर्ध्वपुण्ड्रान् समर्पयामि, यज्ञोपवितं समर्पयामि, श्रीचन्दनं समर्पयामि, सर्वदिव्याभरणादिकान् समर्पयामि ।

ॐ श्रीगोदादेव्यै नमः   ॐ नारायणप्रियायै नमः

भगवन्नारायणाभिमतानुरूप-स्वरूप-रूप-गुण-विभव ऐश्वर्य शीला-द्यनवधिकातिशयासंख्येय-कल्याण-गुणगणां। पद्मवनालयां, भगवतीं, देवीं, नित्यानपायिनीं, निरवद्यां, देव-देवदिव्यमहिषीं, अखिलजगन्मातरं, अस्मन्मातरं, अशरण्यशरण्यां, अनन्यशरणः शरणमहं प्रपद्ये ॥

ततः अष्टोत्तरशतनामभिः तुलसीदलै अर्चयेत। तदनन्तरं धूपं समर्पयामि, दीपं सन्दर्शयामि, शुद्धाचमनीयं समर्पयामि, नैवेद्यं समर्पयामि, अर्घ्यं समर्पयामि, पाद्यं समर्पयामि, आचमनीयं समर्पयामि, ताम्बूलं समर्पयामि। नीराजनं समर्पयामि, पुष्पाञ्जली समर्पयामि। सर्वं श्रीकृष्णार्पणमस्तु।

अपराधसहस्रभाजनं पतितं भीमभवार्णवोदरे।
अगतिं शरणागतं हरे! कृपया केवलमात्मसात् कुरु॥



श्रीकृष्णपरमात्मने नमः
श्रीगोदादेव्यै नमः
श्रीमते रामानुजाय नमः
श्रीमते निगमान्त महादेशिकाय नमः

श्रीव्रतः

(तिरुप्पावै)

संस्कृत तनियन् पद्य

नीलातुङ्गस्तनगिरितटी—सुप्तमुद्बोध्य कृष्णं
पारार्थ्यं स्वं श्रुतिशतशिरस्सिद्धमध्यापयन्ती ।
स्वोच्छिष्टायां स्रजि निगलितं या बलात्कृत्य भुंक्ते
गोदा तस्यै नम इदमिदं भूय एवास्तु भूयः ॥

तमिल तनियन् पद्य

अन्नवयल्पुदुवै याण्डालपङ्कक्कु
पन्नु तिरुप्पावैप्पल्पदियम्, इन्निशैयाल्
पाडिक्कोडुत्ताल् नल्पामालै पूमालै
शूडिक्कोडुत्तालै च्चोल् ॥१॥

शूडिककोडुत्त शुडर्क्कोडिये तोल्पावै
पाडियरुलवल्ल पल्वलैयाय्, नाडि नी
वेङ्कडवर्क्कॅन्नै विदियेन्न विम्मात्तम्
नाङ्कडवा वण्णमे नल्कु ॥२॥

श्रीभगवच्छरणागतिको घोषणा

मार्हलित्तिङ्गल् मदनिरैन्द नन्नालाल् ।
नीराडापोदुवीर्पोदुमिनो नेरिलैपोर ।।
शीर्मलकुमाय्प्पाडि शेल्वच्चिरुमोर्काल् ।
कूर्वेर्कोडुन्तोलिलन् नन्दगोपन् कुमरन् ।।
एरान्दकण्णि यशोदैयिलञ्शिङ्गम् ।
कार्मेनिच्चेङ्गण् कदिर्मदियम् पोल्मुहत्तान् ।।
नारायने नमक्के परं तरुवान् ।
पारोर्पुहलप्पडिन्दे लोरेम्बावाय् ।।१।।

सारार्थ—समृद्ध व्रजभूमिमा निवास गर्ने भएका दिव्य आभूषणहरूले विभूषित कैङ्कर्यपरायणा हे गोपकुमारीहरू हो ! मार्गशीर्ष महिनाको पूर्ण चन्द्रले युक्त शुभदिन आएको छ (र श्रीव्रत गर्ने यो समय हो) । यस कारण तपाइँहरू स्नान गर्न इच्छा गर्नु हुन्छ भने ? आउँनुहोस्, स्नानगर्न सबै साथ साथै जाऊँ । व्रतका निमित्त जुन जस्ता वाद्य चाहिन्छन्, ती सबै श्रीकृष्णदेखिनै अवश्य प्राप्त हुनेछन् । ऊ श्रीकृष्ण साक्षात् श्रीनारायण हुनुहुन्छ । ऊ नीलमेघ जस्तो श्यामसुन्दर हुनुहुन्छ । उनका नेत्र लाल कमल जस्ता छन् । उनको मुख मण्डल सूर्य जस्तै तेजोमय र चन्द्रमा जस्तै आह्लादकारी छ । नन्द बाबा शूल हातमा लिएर कठोरताले उनको रक्षा गर्नुहुन्छ । माता यशोदा सिंहशावकका समान निर्भिक आफ्ना श्यामसुन्दरका लीलाहरू आफ्ना सुन्दर नेत्रहरूले हेरी रहनुहुन्छ । (श्रीभगवान्‌का प्रसन्नताले व्रत पूर्ण हुन्छ र फलस्वरूप लोक कल्याण पनि हुन्छ, अनि) सर्वत्र प्रशंसा हुन्छ ।

स्पष्टार्थ—

समृद्ध व्रजका देवी ! हे भूषान्वित गोपिका ! ।
कैङ्कर्यरतका स्नेही उठ्नोस् श्रीव्रत-सेविका ॥
मार्गशीर्ष महान् पर्व शोभा छन् पूर्ण चन्द्रमा ।
प्रातः स्नानार्थ बक्सिन्छ कृष्णले वाद्य भक्तमा ॥
ऊ नीलमेघ पद्माक्ष हुन् नारायण ईश्वर ।
सूर्य-चन्द्र-प्रभा साथै छन् आनन्द मनोहर ॥
नन्द बाबा शूल लिंदै रक्षामा दृढ उत्सुक ।
माता यशोदा दृष्टि दी हेर्दछिन् सिंहशावक ॥
व्रतपूर्ण हुँदा हुन्छ प्रशंसा पूर्णलोकमा ।
सर्वेशको कृपा मात्र फल हो दिव्य जन्ममा ॥१॥

गूढार्थ—

भक्तप्रवरले युक्त दिव्यतीर्थ भएसरि ।
सेवा हुन्छन् गुणातीत परात्माका उसैगरि ॥
शास्त्रोक्त तो मुहूर्तादि विश्वस्त-प्रद छन् सब ।
भित्रि स्नान हुने जान्नु तत्त्वबोध सुगौरव ॥
व्रतमा चाहिने सारा सामाग्री जति उत्तम ।
वाद्य नाम हुँदा हुन्छन् उपलक्षण पूरण ॥
श्री सर्वेश्वरमा सारा वस्तुको भरपूर छ ।
आनन्द-प्रद सेवा तो नन्दबाट प्रपूर्ण छ ॥

कर्तव्याकर्तव्यको निश्चय

वैयत्तु वाल् वोर्हाल् नामुं नम्ववैक्कु ।
शेय्युङ्किरिशं हल् केलोरो, पांक्कडलुल् ॥
पैयत्तु थिन्र परमनडिपाडि ।
नेय्युण्णोम्पा लुण्णों नाट्काले नीराडि ॥
मैयिट्टे लुदोम्मलरिट्टु नामुडियोम् ।
शेय्यादन शेय्यों तीक्कुरलै शेन्नोदोम् ॥
ऐयमुं पिच्चै युमान्द नैयुं कैकाट्टि ।
उय्युमारेण्णियुहन्दे लोरेम्बावाय् ॥२॥

सारार्थ—भूलोकका निवासी भाग्यशाली हे महानुभाव! हामीले व्रत गर्ने सङ्कल्प गरेका छौं । व्रतका लागि गरिने कर्तव्यानुष्ठानलाई सुन्नुहोस् । हामी क्षीरसागरमा शयन गर्ने परम पुरुष श्रीमन्नारायणका दुवै चरण कमलका महिमा गान गर्नेछौं । हामी दूध र घीऊ सेवन गर्नेछनौं । प्रातः स्नान गर्नेछौं । नेत्रमा अञ्जन लगाउँने छनौं । बिना फूल गुथेर जुरो बाध्नेछौं । ठूला मान्य जनले नगरेका कर्म परित्याग गर्नेछौं । कटु वचन बोल्नेछैनौं । यथाशक्ति दान र भिक्षा दिनेछौं । आत्मोज्जीवनका मार्ग चिन्तन गरेर सन्तोषको अनुभव गर्नेछौं ।

स्पष्टार्थ—

महानुभाव ! भूलोक निवासी जन सुन्नुहोस् ।
व्रत सङ्कल्पभो हाम्रो कर्तव्योत्तम बुझ्नुहोस् ॥

क्षीर सागर-शायीका पद-पद्म प्रभाक्रम ।
गर्छौं कीर्तन हामीले त्यागी गोरस उत्तम ॥

उठ्छौं प्रभातमा हामी गर्दछौं स्नान प्रेमले ।
त्याग्छौं अञ्जनका कर्म व्रत-कर्माङ्गभावले ॥

फूल-माला विना जूरो पार्छौं गुम्फित केशका ।
ठूला बडाले त्यागेका त्यागदछौं कर्म लोकका ॥

बोल्दैनौं कटुता-वाणी दिन्छौं भिक्षादिदान ती ।
आत्मोज्जीवनको चिन्ता गर्छौं सन्तोषता लियी ॥

गूढार्थ—

श्रीश-कर्तव्यको बोध दृढतापूर्ण भावना ।
हुने आचार्य हुन्छन् ती पञ्चमोपाय लोकमा ॥

बाह्यपोषक भोगादि व्रतोमा ध्यान टुट्तछन् ।
प्रातः स्नान र नामादि आत्म-पोषक बन्दछन् ॥

देहालङ्कारका कार्य त्यागदछन् मोक्ष-साधक ।
तपस्वी-रूपका बन्छन् परेश-व्रत-पालक ॥

सुश्रेष्ठ व्यक्तिका कार्य अनुगृहीत बन्दछन् ।
कटुउक्ति त्यागिदिदा मानवोत्तम बन्दछन् ॥

परमपुरुषार्थ—श्रीभगवद्रसानुभूति

श्रोङ्गियुल कलन्द उत्तमन्पेर्पाडि ।
नाङ्गल् नम्पावैक्कुच्चात्ति नीराडिनाल् ।।
तीङ्गिन्रि नाडेल्लाम् लिङ्गल् मुम्मरिपेय्दु ।
श्रोङ्गुपेरुम्शेम्नेलूडु कयलुहल ।।
पूङ्कुवलेप्पोदिल्पोरिवण्डु कण्पडप्प ।
तेङ्गादे पुक्किरुन्दु शीर्त्तमुलै पत्ति ।।
वाङ्ग, कुडम् निरैक्कुम् वल्लल्पेरुम्पशुक्कल् ।
नीङ्गादशेल्वम् निरन्देलोरेबावाय् ।।३।।

सारार्थ—आकाश सम्म आफ्ना पादारविन्द फैलाएर लोक-लोकान्तर नाप्ने त्रिविक्रम पुरुषोत्तमका नाम कीर्तन गर्दै व्रतका नियम स्नान गर्नाले दुर्भिक्ष मेटिने छन् । महिनामा तीन पटक योग्य वर्षा हुनेछ । धानका बोटका फेदमा पानी उपयुक्त हुँदा त्यो पानीमा माछाहरू खेल्नेछन् । फूलेका कुवलय नामक कमल पुष्पहरूमा रात्रा भ्रमर सुखका निद्रा लिनेछन् । ठूला-ठूला गाईहरू दुहुन् भनेर उभिने छन् र आफ्ना दूधले ढुङ्रा भरिदिनेछन् । यसरी नै सबै पृथिवी श्रीकृष्ण भावनाले सदाका लागि समृद्धिले परिपूर्ण हुनेछन् ।

स्पष्टार्थ—

आकाशोत्तम नाम्ने ऊ त्रिविक्रम रेपशको ।
नाम कोर्तन गाएर व्रत पूर्ण हुनेछ यो ॥
दुर्भिक्ष पनि मेटिन्छन् स्नान दान व्रतादिले ।
मासमा तीन पर्नेछन् वर्षा योग्य समानले ॥
धान्यादि खेतमा हुन्छन् मत्स्य-क्रीडनका क्रिया ।
सुख निद्रा पद्ममित्र बन्छन् भ्रमरका क्रिया ॥
गाई दोहन-दात्री भै पात्र-पूर्ण बनाउँछन् ।
दुग्धले सब तो कार्य यज्ञात्मक बनाउँछन् ॥
यसै गरेर पृथ्वीले व्रतोत्सव सहायले ।
समृद्धि परिपूर्णादि पाउँछिन् कृष्णभावले ॥३॥

गूढार्थ—

नित्य नैमित्तिको गर्नु श्रीश-सेवार्थ भावले ।
पुरुषार्थ महान् हुन्छ उनैका गुणगानले ॥
अनुकूल रहेदेखि देशका लागि गौरव ।
तत्त्व मर्मज्ञ आचार्य जान्छन् त्यै स्थान संभव ॥
सत्सङ्गति त्यहीं हुन्छ तत्त्व-त्रय विवेकको ।
भक्तमा तत्त्वको स्थान रस बन्दछ श्रीशको ॥
कृष्ण-भाव हुने भित्र आकारत्रय[1] टिक्तछन् ।
ईश्वराधीनका ज्ञान परिपूर्णाङ्क बन्दछन् ॥

१—अनन्यार्हशेषत्व, अनन्यशरणत्व र अनन्यभोग्यत्व ।

परमतत्वको सर्वान्तर्यामित्व

❀

आलिमलैवकण्णा वोन्रुनी कैकरवेल् ।
आलियुल्पुक्कु महन्दु कोडर्त्तेरि ॥
ऊलिमुदल्वनुरुवम्पोल् मेयकुरुत्तु ।
पालियन्दोलुडै पर्पनापन् कैयिल ॥
आलिपोल् मिन्नि वलम्पुरिपोल् निन्रदिर्न्दु ।
तालादेशङ्गमुदैत्त शरमलैपोल् ॥
वालवुलहिनिल्पेय्दिडाय्, नाङ्गलुम् ।
मार्हलि नीराड महिल्न्देलोरेम्बावाय् ॥४।

सारार्थ—हे श्यामसुन्दरका शरीर भित्र तुल्यताले बस्ने मेघ ! आफ्ना उदारतामा तपाइँ सङ्कोच नगर्नु होस् । प्रसन्नताका साथ समुद्रमा प्रवेश गर्नु होस् । पानी भरेर गर्जनुहोस् । आकाशमा व्याप्त भएर चढने फैलने गर्नु होस् । आदिपुरुषका शरीरको नीलो वर्ण ग्रहण गर्नु होस् । विशाल र सुन्दर भुजा भएका पद्मनाभका कर-कमलमा सुशोभित भएका सुदर्शनचक्रका समान रूपले चम्कनुहोस् । पाञ्चजन्य शङ्खको शब्द समान गर्जनुहोस् । शार्ङ्ग धनुषदेखि हुने शरवर्षा समान वर्षिनुहोस् । संसार प्रसन्नहुने वर्षाहोस् । हामी पनि प्रसन्नताका साथ मार्गशीर्ष महोत्सवको स्नान गर्दछौं । संस्मरण राख्नुहोस् ।

स्पष्टार्थ—

श्याम सुन्दरका मित्र वस्ने हे मेघ ! उद्भुत ।
आपनो उदारता लेऊ त्याग सङ्कोच सस्मित ॥
जाऊ समुद्रमा शीघ् प्रसन्न पन लीकन ।
जल ली गर्जना गर्दै चढ आकाश उत्तम ॥
श्रीग्राद्य-प्रभुको नील वर्ण त्यो लेऊ उज्ज्वल ।
उन्कै सुन्दर बाहुको चक्र भैं चम्क चञ्चल ॥
पाञ्चजन्य सरी घोर गर्जना गर मस्त भै ।
उँनैको धनु जस्तै नै गर वर्षा विचित्र भै ॥
यस्तो राम्रो हओस् वर्षा प्रसन्न जन हुन् सब ।
मार्गशीर्ष लिने हाँमी स्नान गर्छौं सउत्सव ॥४॥

गूढार्थ—

श्रीकृष्ण-रस-माधुर्य भेट्ने आचार्य मेघ हुन् ।
श्रुति समुद्रमा डुब्दै पीयूष रस बाँट्तछन् ॥
चक्रराजेशको जस्तै आत्मबोध महान् प्रभा ।
ज्ञान-हीन अंध्यारो त्यो मास्छन् बोध दिदै सफा ॥
पाञ्चजन्य शङ्खसरी उपदेश सुघोषित ।
पारेर धनुको जस्तै हुन्छ व्याख्या गुणोदित ॥
सर्वात्मा प्रभुका भक्त ऐकान्तिक गुणोपम ।
आचार्यका कृपाले नै पूर्ण हुन्छन् व्रतोत्तम ॥

मनसा, वाचा र कर्मणा श्रीभगवच्चिन्तन उपाय हो

❀

मायनै मन्नुवडमदुरैमैन्दनै ।
तूयपेरुनीर्यमुनै त्तुरैवनै ।।
आयर्कुलत्तिनिल् तोन्रुमणि विलक्कै ।
तायैक्कुडल्विलक्कम् शेय्द दामोदरनै ।।
तूयोमाय् वन्दु नाम् तूमलर्हल् तूयत्तोलुदु ।
वायिनार्पाडि मनत्तिनाल्शिन्दिक्क ।।
पोयपिलैयुम् पुहुतरुवानिन्रनवुम् ।
तीयिनिल्तूशाहुम् शेप्पेलोरेम्बावाय् ।।५।।

सारार्थ—श्रीभगवान् दामोदर अत्याश्चर्यमय हुनुहुन्छ । उत्तर भारतका मथुरापुरीमा उनको नित्य निवास छ । पवित्र र प्रवाह सम्पन्न यमुनामा ऊ प्रभु विहार गर्नु हुन्छ । मङ्गल दीपका रूपमा ऊ गोपकुलमा प्रकट हुनभएको छ । माता यशोदाको उदरलाई उनले प्रकाशित गर्नु भएको छ । यदि हामी शुद्ध भएर सुन्दर पुष्प चढाएर प्रणाम गर्दै मुखले गाएर मनले उनलाई चिन्तन गर्यौं भने अघिका र अबका सबै पाप आगाका रुवा समान भस्म हुनेछन् । अतः श्रीभगवान्‌का नामको कीर्तन गर्नु होस् ।

स्पष्टार्थ—

अति आश्चर्यका साथ दामोदर परंविभु ।
निवास लिनुभो नित्य मथुरामा परात्प्रभु ॥
दीप मङ्गलको रूप गोपवंश–शिरोमणि ।
यशोदामातृवात्सल्य प्रेम–वर्धक अग्रणि ॥
यदि हामी शुद्ध हुँदै उनैका पदपद्मा ।
राम्रा राम्रा पुष्पहरू चढाइकन स्नेहमा ॥
गर्छौं प्रणामका साथ नाम कीर्तन नाथका ।
पाप मास्छौं चिन्तनले पूर्वजन्म समस्तका ॥
हाम्रा पापादि सम्पूर्ण नाशपार्न अनेकन ।
सङ्कल्प लिइवक्सिन्छ रुवाका अग्निकै सम ॥५॥

गूढार्थ—

दामोदर परब्रह्म तपतत्त्व हुनुभयो ।
उन्कै वन्दन चिन्ता र गानादि हित जान्नु यो ॥
शरणागति उन्कै नै पुरुषार्थ विशिष्ट हो ।
आचार्य ज्ञानयो दिन्छन् योग्यबोध प्रवाहको ॥
मोक्ष-सम्राज्य यस्बाट प्राप्त हुन्छ सुनिश्चित ।
पञ्चमोपाय आचार्य मर हो दिव्य शोभित ॥
कृष्णावतार भै आफ्नो परतत्त्व प्रबोधन ।
शरणागति हो भन्दै आज्ञाभो दिव्य उत्तम ॥

सहयोगी साधनहरूको उद्‌बोधन

पुल्लुं शिलम्बिनकाण् पुल्लरैयन्कोयिलिल् ।
वेल्लै विलिशङ्गिन् पेररवङ्केहिलैयो ॥

पिल्लायेलुन्दिराय् पेय्मुलै मञ्जुण्डु ।
कल्लचचहडं कलक्कलियक्कालोच्चि ॥

वेल्लत्तरविल्तुयिलमर्न्द वित्तिनै ।
उल्लत्तुक्कोण्डु मनिवर्हलुं योगिहलुम् ॥

मेल्लवेलन्दु अरियेन्र पेरवरम् ।
उल्लम्पुहुन्दु कुलिर्न्दलोरेम्बावाय् ॥६॥

सारार्थ—हे बालिके ! चिर्विर चिर्विर सबै पक्षी बोली सके । के तिमीले गरुडवाहन श्रीभगवान्का मन्दिरदेखि बजाइने शङ्खको ध्वनि सुनिनौ ? उठ। जसले पूतनाको स्तन पान गर्नु भो। जस्ले शकटासुरलाई चरणले प्रहार गर्नु भो। जो क्षीर सागरमा शेष शय्या गर्नु हुन्छ र सम्पूर्ण जगत्को कारण हुनुहुन्छ । उँनै प्रभुको ध्यान गरेर मुनि र योगी विस्तारै विस्तारै श्रीहरि नामको उच्चारण गर्दै हुनुहुन्छ। ती ध्वनिले हाँम्रा हृदयमा प्रवेश गरेर आनन्दित पार्दछन् । त्यस्तो शब्द सुन्न हाँमीले स्वभाव बनाउँनु पर्दछ ।

स्पष्टार्थ—

हे बालिके ! सबै पक्षी बोले चिर्विर चिर्विर ।
गरुडारूढ स्वामीको बज्यो शङ्ख उतातिर ॥
सुनेनौकी ध्वनि त्यस्तो महान् मङ्गल रूपको ।
पूतना स्तनको पान उँनैको महिमा थियो ॥
पद-प्रहारले मात्र शकटासुर नाशक ।
हुनुभो शेष-शय्या लौ जगत्कारण-नायक ॥
उँनैका ध्यानमा मस्त योगी मुनिहरू थिए ।
माधुर्य-ध्वनिले राम्रो हरि-नाम रटो रहे ॥
महर्षिहरूको त्यस्तो उच्चारण ध्वनि स्वयम् ।
हाम्रा हृदयमा नित्य ग्रानन्दोत्सव पार्दछन् ॥६॥

गूढार्थ—

कर्म—ज्ञान दुवै पक्ष हुन्छन् भागवतादिमा ।
पक्षीका पङ्ख जस्तै हुन् तत्त्वबोधार्थ रूपमा ॥
गुणानुवाद लौ गर्छन् परब्रह्म परेशका ।
वेद गरुड मूर्तिहुन् प्रतीकोपम रूपका ॥
त्यस्तै प्रणवको जान्नु पाञ्चजन्य प्रतीक हुन् ।
प्रकृति पूतना हो र बुद्धि हो स्तन भन्दछन् ॥
मनोरथ छ गाडा त्यो मुनि मनन ईशका ।
सेवापरायण हुने योगी हुन् भक्त ईशका ॥

शिष्य गुरुहरूका प्रश्नोत्तरमा हुने तत्त्व बोध

कीशु कीशेन्‌ ङ्गुमानैच्चात्तङ्कलन्दु ।
पेशिन पेच्चरवं केट्टिलंयो पेयप्पेण्णे ॥

काशुम्पिरप्पुं कलकलप्पवकैपेर्त्तु ।
वाशनरुङ्कुललायच्चियर् मत्तिनाल् ॥

ओशैपडुत्त तयिररवङ्क्‌ केट्टिलैयो ।
नायकप्पेण्पिल्लाय् नारायणन्‌मूर्ति ॥

केशवनैप्पाडवुं नी केट्टे किडत्तियो ।
तेशमुडैयाय् तिरवेलोरेम्बावाय् ॥७॥

सारार्थ—परस्परमा मिलेर भारद्वाज पक्षीहरूले बोलेको शब्द = वेद शिकौं, वेद शिकौं, यो स्वर के तिमीहरूले सुनेका छैनौ ?, सुगन्धित केशहरू भएका गोपिकाहरू दही मथी रहेका छन् के उनका हल्लिएका आभूषणहरू र दही मथेको ध्वनि पनि तिमीहरू सुन्दैनौ कि ? तपाईंले हाँम्रो नेतृत्व गर्नु हुन्छ कि ? यो भावना हाँम्रा मनमा परिपूर्ण थियो । परब्रह्मपरमात्मा श्रीमन्नारायणको प्रातः कालीन नाम सङ्कीर्तन सुनेर पनि के तपाईं सुतिरहनुहुन्छ ? हे तेजोमयी बालिके! द्वार खोल्नुहोस् । स्नान रहस्य पूर्ण पार्न स्वभाव जान्नुहोस् ।

स्पष्टार्थ—

मुग्ध बाले ! पक्षी सारा भारद्वाजादिले पनि ।
शिकौं शिकौं वेद रास्रो बोल्दछन् मधुरध्वनि ॥
सुनेनौ कि ? दही मथ्छन् सुगन्धान्वित-गोपिका ।
भूषणान्वित भैं त्यस्ता शब्द माधुर्य कारिका ॥
हाँस्रो नेतृत्व गछ्र्यौ कि ? भावना पूर्ण यो थियो ।
सुतेकी छचौ मस्तभइ व्यर्थ, ब्रह्ममुहूर्त भो ॥
प्रातः कीर्तन भो हाँस्रो श्रीनारायण केशव ।
रमे! राम! रमे! राम! राधे! श्रीकृष्ण! माधव! ॥
बाले! तेजोमयी ऐले द्वार खोल छिटो गरी ।
व्रताङ्ग स्नान भो ढोलो पूर्ण पारौं छिटो गरो ॥७॥

गूढार्थ—

प्रश्नोत्तर गरी दिव्य-प्रबन्ध बोध हुन्छ र ।
वेदार्थ मर्मको ज्ञान हुनसक्तछ सुस्थिर ॥
वेद, स्मृति, पाञ्चरात्र, इतिहास, पुराण तो ।
मथिन्छन् र हुने पूर्व-पक्ष, सिद्धान्त-पक्ष तो ॥
माधुर्य वासना दिव्य आचार्य-प्रद ज्ञान यो ।
सिक्नुपर्दछ वेदार्थ भूषा भूषित एही हो ॥
केशवार्थ छ ब्रह्मा र रुद्रका इष्ट श्रीपति ।
भित्रि रहस्य खोल्नु नै द्वार खोल्नेछ यो स्थिति ॥

जाँगरिलो र अल्छीको भेद

❀

कील्वानं वेल्लेन्ऱु रुमै शिरुवीडु ।
मेयवान् परन्दनकाण् मिक्कुल्ल पिल्लैहलुम् ॥

पोवान्पोहिन्नारै प्पोहामल् कात्तु, उन्नै ।
वकूवुवान् वन्दुनिन्ऱाम्, कोदुहलमुडैय ॥

पावायेलुन्दिराय् पाडिप्परैकोण्डु ।
मावाय्पिलन्दानै मल्लरैमाट्टिय ॥

देवादिदेवनैच्चेन्ऱु नाङ्शेवित्ताल् ।
आवावेन्ाराय्न्दरुलेलोरेम्बावाय् ॥८॥

सारार्थ—पूर्व दिशामा प्रकाश छायो । भैंसी पनि अल्छीपन त्यागेर शीतमा भिजेको घाँस चर्न गै सके । स्नान गर्न हिंडेका बालिकाहरूलाई रोकेर तिमीहरूलाई बोलाउँन हाँमी द्वारमा खडाछौं । हे कौतुक भावकी बालिके ! उठ । गाउँदै बजाउँदै हाँमीहरू केशीहन्ता र चाणूर आदि पछार्ने देवदेवका साथ जाऊँ । वहाँ पुगेर हाँमी उनका सेवामा रहनेछौं । ऊ प्रभु हाँमी पुगेको प्रसन्नता व्यक्त गर्नु हुन्छ र कृपा गर्नु हुन्छ ।

स्पष्टार्थ—

प्रकाश पूर्वमा छायो भैंसो शीतमहाँ भिजि ।
चर्नथाले घाँस मित्र अल्छी भावहरू तजी ।।
स्नानार्थ बालिका जान्थे मार्गमैं रोकिए सब ।
बोलाऊँ भनि आएका द्वारमा छौं सखी सब ।।
कौतुक भावकी बाले ! उठ शीघ्र गरीकन ।
गाइ बजाइ जाऊँलौ केशीहृत्तेशका सँग ।।
चाणूर आदि तो मल्ल पछार्ने प्रभु कृष्ण हुन् ।
उँनैका सँग जानूछ ऊ सम्भौं देवदेव हुन् ।।
त्यहाँ पुगेर हाँमीले सेवा गर्नूछ नाथको ।
प्रसन्नता व्यक्त गर्दै कृपा हुन्छ परेशको ।।८।।

गूढार्थ—

देवतान्तरका साथ भरपर्नें विचारको ।
त्यो अल्छी पक्षहो जान्नु मैलो धैलो र कष्टको ।।
शरणागतिको भाव प्रातः स्नान स्वरूप हो ।
परेश सम्म पाइँने तनियत् स्तुति नाम हो ।।
केशी घोडा अहङ्कार चाणूरादिक मल्ल ती ।
अनर्थ वेदका गर्ने नष्ट भ्रष्ट बलिष्ट ती ।।
कृपाको रूप त्यै नै हो भक्ति योग स्वरूपमा ।
आफैं ईश्वरले स्थान लिनुपर्दछ भक्तमा ।।

परम्परा ज्ञाताको अनुसरण

तूमणिमाडत्तुच्चुत्तुं   विलक्केरिय ।
तूपङ्कमलत्तु   यिलणैमेल्कण्वलरुम् ॥
मामान्महले   मणिक्कदवन्ताल्तिरवाय् ।
मामीरवलैयेलुप्पीरो   उन्महल्तान् ॥
ऊमंयो   अन्निच्चेविडो   वनन्दलो ।
एमप्पेरुन्तुयिल्   मन्दिरप्पट्टालो ॥
मायाय   न्मादव   न्वंकुन्दनेन्रेन्रु ।
नामं   पलवुं   नविन्रेलोरेम्बावाय् ॥९॥

सारार्थ—हे मामाकी छोरी बहिनी! रत्नका महलमा दीपहरू को प्रकाश फैलिएको छ । तिमी सुगन्ध सुखद शय्यामा सुतेकी छौ । उठ, मणिमय द्वार खोलिद्यौ । माइँज्यू! के तपाइँ हाम्रो बहिनीलाई जगाइदिनु हुन्न?, बहिनी बहिरी या लाटीता छैनौ?, रिसाएर या थाकेर सुतेकीता होइनौ?, कसैले खाटमा बाँधेकीता होइन?, अथवा कसैका मन्त्रको प्रभाव भएर यो दशा भएको ता होइन?, या ढिलो सुत्यौ?, जेसुकै होस्, महामायो, मधव, वैकुण्ठ आदि नाम श्रीभगवान्का हामी कीर्तन गर्दछौं ।

स्पष्टार्थ—

मामाकी पुत्री हे वैह्नी ! रत्न-प्रासादमा यहाँ ।
दिव्यपर्यङ्कमा सुत्छ्यौ प्रकाशोत्तमरूपमा ॥
मणि जटित यो ढोका उठि-खोल छिटो अब ।
माइँज्यू ! बहिनीलाई उठाइ बक्सियोस् अब ॥
बहिनी ! बहिरी ह्नौ कि? रिसाइकन पो सुत्यौ? ।
काम धेरै भइ थाकी किता ढोलो गरी सुत्यौ ॥
कसैले कित बाँध्योकि? या मन्त्र मुग्ध नै भयौ ? ।
प्रभाव केको हुनगो नउठ्ने केगरी भयौ ? ॥
सुन माधव मायोको गर्छौ कीर्तन जोरले ।
वैकुण्ठनाथ भगवन् ! भन्दै सस्नेह प्रेमले ॥९॥

गूढार्थ—

आचार्यका पुत्र शिष्य यदि योग्य कुनै भए ।
तो सँगै वेद वेदान्त गर्नु मनन स्नेहले ॥
वेद नै त्यो महल हो दिव्यज्ञान प्रकाशक ।
वेदार्थका उदासी हुन् सुतुवा सब साधक ॥
परमाचार्यका साथ पढ्छन् आचार्य उत्तम ।
परवाद महाँ लाटो होऊ या गरुडै बन ।
निद्रा त्यै हो तत्त्व-ज्ञान सिक्न खोज्दैन जो जन ।
बाँधिनु पनि त्यस्तै हो कुष्टमा प्रेम-बन्धन ॥

शरणागति नै मुख्य व्रत हो

❀

नोत्तुच्चुवर्क्क पुहुहिन्र वम्मनाय् ।
मात्तमुम् तारारो वाशल् तिरवादार् ॥
नात्तत्तुलाय्मुडि नारायणन्, नम्माल् ।
पोत्तप्परैतरु पुण्णियनाल्, पण्डोरुनाल् ॥
कूत्तत्तिन् वाय्वील्न्दकुम्बकरणनुम् ।
तोत्तुमुनक्के पेरुन्दुयिल्तान् तन्दानो ॥
आत्तवनन्दलुडैयायरुङ्कलमे ।
तेत्तामाय्वन्दु तिरवेलोरेम्बावाय् ॥१०॥

सारार्थ—व्रतानुष्ठान गरेर वैकुण्ठजान प्रयत्नशील हे माता हो ! द्वार खोलुहुन्न ?, किन हो । उत्तरता दिनुहोस् । सुगन्धयुक्त तुलसो शिरमा धारण गरेका नारायणले हाँम्रो स्तुति सुनेर व्रताङ्ग स्वरूप वाद्य प्रदान गर्नु हुन्छ । अरे गहिरो निद्रामा तल्लीन ! हे वेल्ली ! के भगवान् श्रीरामले कालका ग्रासमा पारेको कुम्भकर्णले हार्नु पर्दा आफ्नो निद्रा तिमीलाई दिएर गएको ता होइन?, आभरणस्वरूपे! प्रसन्न भएर द्वार खोल ।

स्पष्टार्थ—

व्रतानुष्ठान गर्दै नै जाने वैकुण्ठ यत्न जो ।
माता हो! छैन इच्छा कि? बन्द ढोका कहन्छ यो ॥
दिनोस् उत्तर लौ शीघ्र सुगन्ध तुलसी-युत ।
श्रीनारायण सुन्दै छन् स्तुति हाम्रो मनोदित ॥
यो सुन्दा व्रतका लागी पाद्यादि सब साधन ।
प्रदान प्रभुबाटै नै भेट्छौं दिव्य सनातन ॥
ए वैह्नी ! तिमिमा निद्रा कि दियो कुम्भकर्णले ? ।
श्रीरामले काल ग्रास पार्दामा भेट-रूपले ॥
भूषा-भूषित हे वैह्नी ! प्रसन्नपन लौ उठ ।
द्वार खोल छिटो ऐले स्नान-बेला भयो उठ ॥१०॥

गूढार्थ—

शरणागतिको बोध नगर्ने अलिछ जो जन ।
त्यै हो ढोका बन्दगर्ने मोक्ष-बाधक दुर्जन ॥
तमोगुणी किन नहोस् आचार्य-स्नेह भो जब ।
पवित्र बन्न सक्नेछ भेट्ला सद्गति निश्चय ॥
नाम कीर्तनका साथ परेश गरि चिन्तन ।
अगाधभाव जस्मा छ त्यै नै जीवन उत्तम ॥
ती भक्त खोल्दछन् द्वार आचार्य स्नेहले गरी ।
अन्तस्करणको स्नान हो यो दिव्य प्रभा सरी ॥

वैदिक परम्पराको पालना

❀

कत्तुक्करवैक्कणङ्गल् पलकरन्दु ।
शेत्तातिरललियच्चेन्रु शेरुच्चेय्युम् ॥
कुत्तमोन्रिल्लादकोवलर्दम् पोर्कोडिये ।
पुत्तरवाकुर्पुनमयिलेपोदराय् ॥
शुत्तत्तुत्तोलिमारेल्लारुं वन्दु,निन् ।
मुत्तं पुहुन्दु मुहिल्वण्णन्पेर्पाड ॥
शित्तादे पेशादे शेल्वप्पेण्डाट्टि, नी ।
एत्तुक्करङ् गुम्पोरुलेलोरेम्बावाय् ॥११॥

सारार्थ—तपाइँको जन्म यस्तो दोष रहित गोपहरूका कुलमा भएको छ । सवत्सा गाईहरूको दूध ती गोपहरू दुहुन्छन् । आततायी दुष्ट शत्रु मार्न मात्र युद्धमा शक्ति प्रयोग गर्दछन् । तपाइँहरूको मध्य कटिभाग प्वालबाट निस्किएका सर्पका मणि समान उज्ज्वल छ । तपाइँहरू वनमयूरी जस्तै हुनुहुन्छ । सबै बहिनीहरू उठेर आओ, सबै साथी बहिनीहरू तपाइँका आँगनमा आइपुगेर घनश्यामको संकीर्तन गरीरहेका छन् । त्यो अनुभव गर्ने सौभाग्य तपाईलाई मिलेको छ । हे देवि! हल्लँदापनि नहल्लीकन चुपचाप तपाइ किन सुत्नुहुन्छ ?;

स्पष्टार्थ—

दोष दूषित बवै छैनन् तिम्रा वंश परम्परा ।
गोप गाई दुहुन्छन् तो मान्छिन् योग्य सधैं धरा ॥
आततायी शत्रु मार्छन् त्यस्ता शक्ति जुटाउँछन् ।
कटिभाग सबै तिम्रा सर्पका मणि तुल्य छन् ॥
मयूर-पत्नी जस्तै छयौं रात्रो दिव्याङ्गना सम ।
उठ आओ, सबै बैह्री यै पटाङ्गिनीमा छन ॥
गर्छन् कीर्तन श्रीश्याम श्रीकृष्ण मधुसूदन ।
धर्म-कर्म सबै रक्षा गर्ने नारायणोत्तम ॥
अनुभवार्थ उन्कै नै सौभाग्यप्रद जन्म छ ।
न बोलीकन के सुत्छ्यौ प्रातःकाल भई रछ ॥११॥

गूढार्थ—

गो-शब्द हो वेद-वाणी पालना उसको क्रम ।
आचार्य शिष्यमा दिन्छन् उपदेशार्थ उत्तम ॥
वेद वाह्यहरूलाई आचार्य जिति ससँरी ।
कुदृष्टिपथ मासेर गर्छन् सिद्धि सरासरी ॥
वेद-विक्रितिका व्यक्ति गुरुले जब मास्त-छन् ।
मणि संपन्न सर्पादि नाचे झैं शिष्य नाचतछन् ॥
वेदमा श्यामप्रभुको प्रतिपादन योग्य भो ।
मयूर सरि नाचेर शिष्यको भाव व्यक्त भो ॥

प्रपत्तियोगको मुख्यता

❀

कनैत्तिलङ्कत्तेरुमै   कन्रुक्किरङ्गि ।
निनैत्तुमुलैवलिये   निन्रुपाल्शोर ॥
ननैत्तिल्लं शेलाक्कुं   नर्चेल्वनतङ्काय् ।
पनित्तलैवील   निन्वाशर्कडैपत्ति ॥
शिनत्तिनाल्   तेन्निलङ्गैक्कोमानैच्चेत्त ।
मनत्तुक्किनियानै प्पाडवुं नी वाय्तिरवाय् ॥
इनित्तनेलुन्दिरायीदेन्न   पेरुरक्कम् ।
अनैत्तिल्लताऱुमरिन्देलोम्बावाय्   ॥१२॥

सारार्थ—तपाईं यस्ता समृद्धशाली धनीको बहिनी हुनुहुन्छ, जस्का भैंसीहरूले आफ्ना पाडा सम्झेर पघ्रिँदा दूधले सबै आँगन होलो पारिदिन्छन् । तपाईंका द्वारमा हाँमी खडाछौं । हाँम्रा शिरमा शीतले फूलेका बुढी जस्तो बनाइदियो । क्रोधका आवेशमा आएर जसले लङ्काको राजा रावणलाई मारिदिनुभो । ऊ श्रीरामको हाँमी कीर्तन गर्दछौं । तर तपाईं आफ्नोमुख सिरकले ढाकेर खोल्नुहुन्न अब ता उठ्नुहोस् । यो कस्तो गहीरो निद्रा हो ? अबता घरका व्यक्तिले पनि कष्टथाँई र आलस्य थाहापाइ सके ।

स्पष्टार्थ—

समृद्धकी बहिनी ह्वौं भैंसी आँगनमा गइ ।
बहायीकन त्यो दूध होलो आँगन भो अति ॥
बाहिरीद्वारमा तिम्रा उभिइकन छौं सबै ।
शीतले शिर ढाकेर फुले-भैं बनियौं सबै ॥
क्रोधावेश हुँदा जस्ले लङ्केशकन मानु भो ।
उँने श्रीरामको हाँमी गछौं कीर्तन स्नेहको ॥
मुख ढाक्छ्यौ अभैं के हो ? उठ शीघ्र तिमी अब ।
गहिरो नीद के ले हो ? जाने जहानले सब ॥
कष्टचाइँ पनि थाहा भो आलस्य स्थिति देखियो ।
दयामय पनि यस्मा रुठ्तछन् भाव जान यो ॥१२॥

गूढार्थ—

भक्ति-योगादिका कष्ट सक्तैनन् गर्नता भने ।
प्रपत्तियोगका मार्ग सक्छन् गर्न सप्रेमले ॥
सर्वेश-रस समृद्धि इच्छा हुन्छ भने सब ।
शरणागति हुन् वैह्नी प्रेमले पाल्नुहोस् अब ॥
शीत त्रिताप हो जान्नु अहङ्काराङ्ग रावण ।
त्यो मास्ने रामको नित्य गर्नु कीर्तन उत्तम ॥
अज्ञान निद्रा त्यागेर गर्नुलौ शरणागति ।
कष्टी भएमा श्रीनाथ लिनुहुन्न यथा स्थिति ॥

समयको सुरक्षा

❋

पुल्लिन्वाय्कीण्डानै प्पोल्लावरक्कनै ।
किल्लिक्कलैन्दानै क्कीर्त्तिमै पाण्डिप्पोय् ॥
पिल्लैहलेल्लारु पावैक्कलं पुक्कार् ।
वेल्लियेलुन्दु वियालरङ्गित्तु ॥
पुल्लुम् शिलम्बिनकाण्पोदरिक्कण्णिनाय् ।
कुल्लक्कुलिरक्कुडैन्दु नीराडादे ॥
पल्लिक्किडत्तियो पावाय् नी नन्नालाल् ।
कल्लन्दविर्न्दु कलन्देलोरेम्बाय् ॥१३॥

सारार्थ—बकासुरको चुचो च्यातने भएका तथा दुष्ट रावण-लाई परिश्रम विना समाप्त गर्ने भएका प्रभुका विषयमा कीर्तन गर्दै गोप कन्याहरू व्रतस्थान सम्म पुगिसके । शुक्रको उदय भै सक्यो । गुरु अस्त भै सके । पक्षीहरूले आफ्ना आफ्ना कल कल शब्द पूर्ण प्रकारले गरिसके । फक्रेका पुष्प झैं नेत्र भएकी हे सखि हो ! शीतल स्नान नगरिकन किन सुतेकी छ्यौ । आज यो शुभ दिन हो । किन मूर्ति बनेर सुतीरहेकी छ्यौ । कपट त्यागेर उठ, हामी सबै संग मिल ।

स्पष्टार्थ—

त्यो बकासुरको चूँडो च्यात्ने श्रीकृष्णचन्द्रले ।
दुष्ट रावण मार्नुभो सजीलै रामरूपले ॥
तिनै परेशका रात्रा विजय स्थिति गायन ।
गर्दछन् गोप-कन्याले व्रत-स्थान पुगीकन ॥
शुक्रोदय भयो हेर गुरु अस्त भईसके ।
पक्षी कल कलादिका शब्द पूर्ण गरीसके ॥
फक्रेका पुष्प झैं नेत्र भएकी सखिहो किन ? ।
शीतल-स्नान नगरी सुतेकी छौ छिटो भन ॥
शुभ यो दिन हो जान किन सूति हुने अब ।
त्यागी कपट हाम्रै नै साथ होऊ उठी सब ॥१३॥

गूढार्थ—

शरणागतले छोप्नु अभिगमन-काल यो ।
उपादानादिका काल भुल्नुहुन्न विशिष्ट यो ॥
कालक्षेप पनि त्यस्तै त्याग्नुहुन्न कसैगरी ।
आत्मापहारका भाव त्याग्नुपर्छ सधैंभरी ॥
आत्माका प्रभु हुन् स्वामी श्रीनारायण ईश्वर ।
त्यसलो नमान्ने पापी हो हुन्छ दुर्गति सर्सर ॥
भगवद्गुणमा डुब्नु स्नान हो अति उत्तम ।
यस्मा बानी हुँने स्वच्छ हुन्छन् मोक्ष सनातन ॥

श्रीभगवान्‌का सेवामा समयको सुरक्षा

❀

उङ्गल् पुलैक्कडैत्तोट्टत्तु वाविंयुल् ।
शेङ्कलुनीर्वाय् नेहिलन्दाम्बल्वाय् कूम्बिनकाण् ॥
शेङ्गपोडिक्कूरैवेण्पल् तवत्तवर् ।
तङ्गल् तिरुक्कोयिल् शङ्गिडुवान् पोहिन्रार ॥
एङ्गलै मुन्नमेलुप्पुवान् वाय्पेशुम् ।
नङ्गायेलुन्दिराय नाणादय् नावुडैयाय् ॥
शङ्गोडुशक्करमेदुन्तडक्कैयन् ।
पङ्गयक्कण्णा नैप्पाडेलोरेम्बावाय् ॥१४॥

सारार्थ—सबैका सामो म भोली अरुलाई जगाउँनेछु भनेर वचन दिने भएकी हे देवि ! तपाइँका घरका पछिल्लो भागमा जो बगैंचा छ, उसभित्रका तलाऊमा सूर्योदयमा फक्रने नीलकमल फक्री सके । रात्रिमा मात्र फूल्ने कुमुद नामका कमल पुष्प बन्द भै सके । काषाय वस्त्रधारण गर्ने सेता दाँत भएका संन्यासी आपना-आपना मन्दिरहरूका चाबी र शङ्ख लिएर जाँदैछन् । हे लज्जाशून्ये! बात गर्नमा समर्थ जिह्वा भएकी बहिनी ! उठ । शङ्ख-चक्र धारण गर्ने दीर्घबाहु कमलनयन श्रीभगवान्‌को कीर्तन गर ।

स्पष्टार्थ—

भोली जगाउँछु भन्ने वाणी उल्टा भयो अति ।
पोखरी भित्र लौ हेर पद्म पाक्षिकको स्थिति ॥
नील कमल फक्रेका बन्द कुमुद भै सके ।
काषाय वस्त्र-धारी ती आफ्ना मन्दिरमा पुगे ॥
दन्त-पङ्क्ति सबै स्वच्छ भएका साधु जो थिए ।
चाबी लौ शङ्ख बोकेर ती पूज्य स्थलमा गए ॥
लज्जा शून्य भएकी हे बहिनी सुन यो तिमी ।
जिब्रो बाठो पार्न मात्र रछ्यौ सामर्थ्य शालिनी ॥
उठेर शङ्ख चक्रादि गर्न धारण ईश्वर- ।
पद्माक्ष प्रभुको राम्रो गर कीर्तन सर्सर ॥१४॥

गूढार्थ—

म अघि म अघि सेवा गर्दछु भक्त भन्दछन् ।
वैकुण्ठ घर हो भन्दै आलस्य सब त्याग्दछन् ॥
नीलोत्पल सरी आफ्नो अज्ञान नाश होस् सब ।
ज्ञान प्राप्ति पछि त्यसको रक्षामा होस् प्रभा सब ॥
परेश-सेवा सन्यासीहरूमा पनि हो विधि ।
मार्गमा हलुको हुन्छ स्वच्छता-रूप त्यो घटि ॥
न्याय-साङ्ख्यादिका बाठा रहस्यत्रय हीन ती ।
जिताहा भावका हुन्छन् आत्मा-उद्धार-हीन ती ॥

तत्त्वबोधको प्रकार

❀

एल्लेयिलङ्किलिये यिन्नमुरङ्गुदियो ।
शिल्लेन्नलैयेन्मिन् नङ्गैमीर् पोतरुकिन्रेन् ॥
वल्लैयुन् कट्टुरैहल् पण्डेयुन् वायरिदुम् ।
वल्लीहल् नीङ्गले नानेदानायिडुक ॥
आल्लैनीपोदायुनक्केन्न वीरुडैयै ।
एल्लारुम्पोन्दारी पोन्दार्पोन्देण्णिक्कोल् ॥
वल्लानै, कोन्रानै मात्तारै मात्तलिक्क ।
वल्लानै, मायनैप्पाडेलोरेम्बावाय् ॥१५॥

सारार्थ—प्रश्न—ए बाज शुको! अझै सुत्ने?. उत्तर—टेढा आँखा गरेर न पुकार्नु होस् । गुणज्ञा देवि हो! म आफैं आउँदैछु । प्रश्न—तिमीलाई धेरै बोल्न आउँनेरछ । हाँमीहरूलाई तिम्रा वर्णाको सामर्थ्य थाहा भो । उत्तर—बात गर्नमा म समर्थ छ, या तपाईहरू समर्थ हुनुहुन्छ, ठीक तपाईहरूले भने जस्तै म कमी छैन । प्रश्न—छिटै हाम्रा साथ आऊ, तिमीलाई एक्लै त्यहाँ कुन सुख मिलेको छ ?, उत्तर—के सबै सखीहरू यहाँ आइपुगे ? प्रश्न—हाँमी आयौं । आऊ बाहिर आऊ गन, हाँमी सबै मिलेर बलबान् कुवलयापीड हातो मार्न, शत्रुहरूका दुर्गुण नाश गर्न, मायापति श्री भगवान्को गुणगान गरौं ।

स्पष्टार्थ—

अर्भै सुत्ने बाल शुको ! टेढा आँखा नगर्नुहोस् ।
गुणज्ञा देवि हो ! आफैं आउँदैछु विचार्नुहोस् ॥
धेरै बोल्न तिमीलाई आउँने रछ जानियो ।
मलाई तिम्रावाणीको सामर्थ्य प्रति याद भो ॥
को समर्थ ? रछौं बात गर्न योग्य प्रपूर्णता ।
आऊ एक्लै सुख स्वच्छ स्थितिमा मिल्छके त्यता? ॥
यहाँ सबै आइपुगे निक्ल बाहिर लौ गन ।
मिली जुलो सबै गाऊँ सर्वेश मधुसूदन ॥
हात्ती कुवलयापीड शत्रुनाशक माधव ।
उँनैका गुणको गान गर्नु पर्दछ लौ अब ॥१५॥

गूढार्थ—

ग्रन्थोपदेश-गर्दामा प्रश्नोत्तर बुझ्नोकन ।
गर्नुपर्दछ आचार्य शिष्यले तत्त्व बोधन ॥
चारैतिर वसी शिष्य तत्त्वबोध बढाउँनु ।
आत्म-चर्चा रहस्यादि पारम्पर्य कमाउँनु ॥
शास्त्राधार अनेकौं ती उसैका युक्ति पोषक ।
तत्त्वत्रय प्रपूर्ति छन् उदाहरण सार्थक ॥
लूलो सिद्धान्तमा बोल्ने छाड्नु सङ्गठन क्रिया ।
मिली गर्नु सबै ईश गुणबोधनका क्रिया ॥

आचार्यको यथार्थता

❀

नायकनाय्निन्र नन्दकोपनुडैय ।
कोयिलल्काप्पाने, कोडित्तोन्स्रुन्तोरण ॥
वाशल्काप्पाने, मणिक्कदवन्ताल् तिरवाय् ।
आयर्शिरुमियरोमुक्कु, अरैपरै ॥
मायन्मणिवण्णन् नेन्नले वाय्नेन्दान् ।
तूयोमाय्वन्दोन्तुयिलेलप्पाडुवान् ॥
वायाल्मुन्नम्मुन्नम्मात्तदेयम्मा, नी ।
नेयनिलैक्कदवम् नीक्केलोरेम्बावाय् ॥१६॥

सारार्थ—हाम्रा नायक नन्द बाबाका भवनका हे द्वारपाल ! सुशोभित ध्वजा-युक्त द्वारका हे रक्षक ! रत्नमय द्वारको आग्लो छिटै खोलिदिनुहोस् । हामी साना साना गोप बालिकाहरू हौं । आश्चर्यमय नीलमणि श्रीकृष्णले धेरै बज्ने बाजा हिजै दिने वचन दिनुभएको थियो । शुद्ध भएर हामी ऊ श्रीकृष्णलाई जगाउँन सद्भावयुक्त गान गर्नेछौं। हे स्वामिन्! हजुर आफ्नै मुखले निषेधाज्ञा नगर्नु होस् । द्वार खोलिदिनुहोस् ।

स्पष्टार्थ—

हाम्रा नायक हे नन्द बाबाका द्वारपालक ! ।
सुशोभित ध्वजायुक्त-भवनस्थित रक्षक ! ॥
यो रत्नोपमको द्वार छिटै नै अब खोल्नुहोस् ।
छौं गोप बालिका सारा बाहिरै बुझिबक्सियोस् ॥
बाजा योग्य सबै दिन्छु भन्दै यो गौरवान्वित ।
हिजै श्रीश्यामले आफ्नो दिनुभो वचनामृत ॥
शुद्ध हुन्छौं र श्रीकृष्ण जगाउँन मनोकन ।
गर्दै सद्भावका दिव्य गाउँछौं गीत उत्तम ॥
स्वामिन् ! आफैं निषेधाज्ञा नगर्नोस् दिव्य ववत्रले ।
द्वार खोली दिनोस् नाथ ! कृपाहोस् प्रेम भावले ॥१६॥

गूढार्थ—

आचार्यले निश्चयनै पार्दछन् पावनोत्तम ।
ब्रह्मतत्त्व रहस्यादि गर्दै स्पष्टोक्ति वर्णन ॥
विद्वान्! बाह्यपना राखि बिगार्ने स्थिति हानि हो ।
जननायक सर्वात्मा उनै ईश्वर जान्नु यो ॥
पुरातन सबै शास्त्र कृष्णले बोध पार्नुभो ।
आज्ञा मानेर ब्रह्मादि पालना गर्न लाग्नुभो ॥
कृष्ण-कर्म हुँदा स्नान स्वयं समय बन्दछ ।
यस्तो जीवन संशुद्ध बन्दामा द्वार खुल्दछ ॥

आचार्य परम्परा

❀

अम्बरमे तण्णोरे शोरेयरङ्शेय्युम् ।
एम्बेरुमान् नन्दगोपालावेलुन्दिराय् ।।
कोम्बनार्क्लाङ्कोलुन्दे कुलविलक्के ।
एम्बेरुमाट्टि यशोदायरिवुराय् ।।
अम्बरमूडरुत्तोङ्गि उलकलन्द ।
उम्बर् कोमाने उरङ्गादेलुन्दिराय् ।।
शेम्बोकललडिच्चेल्वा बलदेवा ।
उम्बियुं नीयुमुरङ्गेलोरेम्बावाय् ।।१७।।

सारार्थ—हे नन्द बाबा! जाग्नुहोस् । तपाईं ता अन्न, जल र वस्त्रहरूका दाता हुनुहुन्छ । तपाईं हाँम्रा स्वामी हुनुहुन्छ । हे नन्द-की रानी यशोदे! जाग्नुहोस् । तपाईं पातली गोपिनीहरूका मध्यमा लताका समान सुकोमल हुनुहुन्छ । यस कुलकी मङ्गल दीपिका हुनुहुन्छ । तपाईं हाँम्री स्वामिनी हुनुहुन्छ । हे देवदेव! निद्रा त्याग्नु हुओस्, उठ्नुहोस् । तपाईंले आकाश छोडेर सबै लोकहरू नापी सक्नु भएकोछ । श्रीमन् बलदेव जी! तपाईं साना भाइका साथ जाग्नुहोस् । तपाईंका चरण राता छन्, स्वर्णमय आभूषणले अलङ्कृत छन् ।

स्पष्टार्थ—

अन्न वस्त्रादिका दाता हे नन्द ! शीघ्र जाग्नुहोस् ।
रानी यशोदे ! स्वामीकै साथमैं अब उठ्नुहोस् ॥
पालली गोपिनी भित्र लता तुल्य सुकोमला ।
तपाइँ स्वामिनी हाम्रो कुलमङ्गल दीपिका ।
देवदेव ! छिटो उठ्नोस् निद्रा त्याग गरीकन ।
आकाश छेड्नुभो स्वामिन् ! उर्ध्वलोक अनेकन ॥
बलदेव ! छिटो आपना भाइका साथ आउँनोस् ।
तपाईंका पदद्वै स्वर्ण झैं लाल संझिनोस् ॥
शेषत्व भावको बोध श्रीमान्‌बाट हुनेछ यो ।
यस्मा स्वरूपको हानि सम्झने काम छैन यो ॥१७॥

गूढार्थ—

रहस्यदाता आचार्य ईशका तत्त्वबोधमा ।
प्रार्थनीय हुनुहुन्छ प्रेरिता जान्नु हुन् रमा ॥
पुरुषार्थ सँगै तत्त्व हित हुन् अन्न वस्त्र र ।
जल यी ज्ञानका भाव स्थिर हुन् यी सरासर ॥
आचार्यका कृपाबाट अज्ञान पनि टुट्तछ ।
यस्ले निद्रा त्यागगर्दा जीवोद्धरण बन्दछ ॥
शेष-भाव बुझी फेरी शेषीको ज्ञान मिल्दछ ।
आचार्य शेषको यस्मा कृपा द्योतक बन्दछ ॥

प्रपत्तिमा पुरुषकारताको विशेषता

उन्दुमदकलित्तनोडावतोल्वलियन् ।
नन्दगोपालन्मरुमहले नप्पिन्नाय् ॥
कन्दङ्कमलुङ्कुललो कडैतिरवाय् ।
वन्देङ्गुं कोलियलैत्तनकाण्, मादविप् ॥
पन्दल्मेर्पल्कार्कुयिलिनङ्गल् कुविनकाण् ।
पन्दार्विरलियुन्मैत्तुनन् पेर्पाड ॥
शेन्दामरैक्कयार्चीरावंलै योलिप्प ।
वन्दु तिरवायमहिल्न्देलोरेम्बावाय् ॥१८॥

सारार्थ—हे नोले! हे बाले! तपाई नन्दबाबाको पुत्र-वधू हुनुहुन्छ। जसका हातीहरूले मद चुहाइ रहन्छन् र जस्को पराक्रम कुनैदिन शिथिल हुँदैन। तिम्रा केश सुगन्धित छन्। हे देवि! आग्लो खोलिदिनुहोस्। विहान भो कुखुरा कराइ सके। कोइलीहरू बारम्बार कराइ सके। तपाईका अम्लाहरू श्रीकृष्ण सँग खेलन समातिएका छन्। तपाईका स्वामीका नाम लिएर सङ्कीर्तन गर्नु छ। अतः प्रसन्नताका साथ आएर राता राता हातले कङ्कणका ध्वनि बजाउँदै द्वार को आग्लो खोलि दिनुहोस्।

स्पष्टार्थ—

बाले ! श्रीनन्दकी पुत्रवधु ! जस्का पराक्रम ।
छैनन् शिथिल, जस्का छन् हात्ती मत्त अनेकन ॥
सुगन्ध केश की देवि! आग्लो खोलि दिनु हओस् ।
वासे कुक्कुटका साथ कोयलो पनि बुझ्नुहोस् ॥
अङ्गुली छन् तपाईंका श्रीकृष्ण सँग खेल्नमा ।
कन्दुकी त्यो समातेर महिमान्वित रूपमा ॥
हजूर्कै स्वामीका नाम गर्ने कीर्तन भाव छ ।
तस्मात् प्रसन्न बन्नुहोस् स्वामिनी अब विन्ति छ ॥
रक्तपद्म सरी त्यस्ता रात्रा हात लगाउँनोस् ।
कङ्कण-ध्वनिका साथ आग्लो त्यो खोलि बक्सियोस् ।१८।

गूढार्थ—

पियारा शिष्य गुरुका बलवान् ब्रह्म बुझ्दछन् ।
पराधीन रहे जस्तै भक्ताधीन परेश छन् ॥
गर्व-हीन सुगन्धि हो सन्यासी बुझ्नु तो शिखो ।
नियमानुकूल चल्ने मुमुक्षु हुन् सदा सुखी ॥
गुरु कोकिल हुन् नित्य वेद पाठ चलाउँछन् ।
संसारका क्रिया सारा ईश्वराऽऽधारमा बुझ्नुन् ॥
आज्ञापालनका रूप क्रमबद्ध बुझीकन ।
खुल्नन् आग्ला शिष्यका ती बाधारूप अनेकन ॥

दिव्य दम्पतीको कर्तव्य

कुत्तुविलक्केरिय   क्कोट्टुक्काल्कट्टिल्मेल् ।
मेत्तेन्नपञ्जशयनत्तिन्मेलेरि   ॥
कोत्तलर्पूङ्कुलल्   नप्पिन्नैकोङ्गैमेल् ।
वैत्तुकिडन्दमलर्मार्पा   वाय्तिरवाय् ॥
मैत्तडङ्कण्णिनाय्   नीयुन्मणालनै ।
एत्तनैपोदुन्तुयिलेलवोट्टाय्काण्   ॥
एत्तनैयेलुम्पिरिवात्त   किल्लायाल् ।
तत्तुवमन्रु   तकवेलोरेम्बावाय्   ॥१९॥

सारार्थ—हे हृदय! तिमी विकासशील छौ। स्तम्भ दीप प्रकाशित भएकाछन्। हातीका दाँत जडेका खुट्टा भएका पलङ्ग पाँचै विशेषताले पूर्ण छन्, (अर्थात् शीतल, सुन्दर, सुगन्धित, सेता र कोमल छन्) उसमा नीलाका केश पुष्पले सुशोभित छन्। पुष्प समान कोमल वक्षःस्थलमा आफू शयन गर्नु भएको छ। आफ्नो श्रीमुख विकशित देखनुहोस्। अञ्जन युक्त विशाल आँखा भएकी हे देवि! के एक क्षणका लागि पनि श्रीकृष्णलाई जाग्न दिनुहुन्न?, के थोरै समयको वियोग पनि सहन सक्नुहुन्न?, यो नै पुरुषकार हो त? जो क्यै दया देखिदैन।

स्पष्टार्थ—

विकासी छौ हृदाकाश ! स्तम्भ-दीप जलीरछन् ।
हाती दन्तादि पाँचैले पलङ्ग अङ्ग पूर्ण छन् ॥
नीलाका केशमा पुष्प गुच्छा छन् सौम्य मङ्गल ।
श्रीपुष्प-वक्षस्थल त्यो नाथमै शयनोज्वल ॥
आफैं आग्लो खोल्नु हुन्छ नीले ! श्रीकृष्ण सत्वर ।
थोरै समयका लागि दिनोस् जान्न परेश्वर ॥
हे देवि ! सम्झिनोस् झट्ट अञ्जना नेत्रकी धनी ।
थोरै समयका लागि मान्नुहुन्न वियोगिनी ॥
पुरुषकार यै होर ? जो दया रूप छैन क्यै ।
नीले स्वरूपको रक्षा गर्नोस् आफैं छिटो अभैं ॥१९॥

गूढार्थ—

गुरुले पुरुषार्थादि दिव्य दीर जलाउँछन् ।
जीव कर्तव्यको पाँच स्वरूप स्थिति बाँट्नछन् ॥
कवितापुष्प सूरिले पार्दछन् वासनान्वित ।
गुरु, सूरि, लक्ष्मी देखि हुन् नारायण पूजित ॥
मध्यस्थता कार्य गर्ने रहस्य सब खोल्दछन् ।
फल पर्यन्तका ज्ञान तो सबै पूर्ण पार्दछन् ॥
माता प्रसन्न पार्नेले विघ्न टार्छन् सरासर ।
उपाय योग्य जानेर पार्छन् त्यो फल सुस्थिर ॥

उपायान्तर त्याग मुख्य-स्वीकृति

❀

मुप्पत्तुमूवरमरर्क्कुमुन् शेन्रु ।
कप्पन्दविर्क्कुङ्कलिये तुयिलेलाय् ॥
शेप्पमुडैयाय् तिरलुडैयाय्, शेत्तार्क्कु ।
वेप्पङ्कोडुक्कुम्विमला तुयिलेलाय् ॥
शेप्पन्न मेन्मुलंचेव्वाय् च्चिरुमरुङ्गुल् ।
नप्पिन्नै नङ्गाय् तिरवे तुयिलेलाय् ॥
उक्कमुन्तट्टोलियुन्तन्दुन्मणालनै ।
इप्पोदे येम्मै नीराट्टेलोरेम्बावाय् ॥२०॥

सारार्थ—हे परमगम्भीर! तेत्तीश देवताहरूका अगाडो भएर तपाईं उनका भयलाई हटाउँनुहुन्छ। आश्रित जन-रक्षक हुने हजूरको स्वभाव छ। तपाईं रक्षा व्रती हुनुहुन्छ र रक्षा गर्न समर्थ हुनुहुन्छ। तपाईं विरोधीहरूलाई तप्त पारेर शुद्ध पार्नु हुन्छ। हे निर्मल स्वरूप! हजूर निद्रा त्यागेर जाग्नुहोस्। कलशका समान जस्का स्तन छन्। अधरोष्ठ लाल र कटिभाग सूक्ष्म छ। यस्तो हे नीले! तपाईं समस्त गुणहरूले परिपूर्ण हुनुहुन्छ। हे लक्ष्मी! निद्रा त्यागिदिनुहोस्। व्रतकालागि अपेक्षित पङ्खा दर्पण दिएर श्रीकृष्णको दर्शन गराउँदै हाम्रा स्नानलाई सम्पन्न पारिदिनुहओस्।

स्पष्टार्थ—

श्रीमन् परम गम्भीर ! तेस्तोश देव अग्रग ।
हुनुभो, भय मासेर उनकै आश्रित-रक्षक ॥
उपकारी स्वभावले रक्षाव्रती हुनूभयो ।
विरोधी तप्त पारेर शुद्ध पार्न स्वरूप भो ॥
निर्मलात्मन्! छिटो निद्रा त्यागो आउँनुहोस् विभो! ।
कलशस्तनका साथ रक्ताधर विचित्र भो ॥
कटि-भाग सूक्ष्म हुने नीला गुण-गणान्विता ।
लक्ष्मी पनि छिटो निद्रा त्यागो आउँनुहोस् यता ॥
व्रतका लागि पङ्खा र दर्पणादि अपेक्षित ।
कृष्ण ! दर्शन दी पार्नु स्नान सम्पन्न यो व्रत ॥२०॥

गूढार्थ—

वसु, रुद्र र आदित्य अश्विनी देवतान्वित ।
कर्तव्य इष्ट हुन् अन्य फलदाता प्रबोधित ॥
यो सबै अति सङ्कोच दूरकारक केशव ।
महा उज्वल हुन् ज्योति फल-मोक्ष विमोचक ॥
दिव्य विग्रहको ध्यान तम निद्रा हटाउँने ।
मातृ मध्यस्थता रात्रै बाधा नष्ट गराउँने ॥
प्राप्यत्व गुणमा मात्रै पुरुषाकारता सदा ।
परिपूर्णत्वको दिव्य हुन्छ सामर्थ्य सर्वदा ॥

अहङ्कार र ममकारको त्याग

❀

एत्तकलङ्गलेदिर्पोङ्गिमोदलिप्प ।
मात्तादे पाल्शोरियुम् वल्लपॅरुम्पशुक्कल् ॥
आत्तप्पडैत्तान्महने थरिवुराय् ।
ऊत्तमुडैयाय् पेरियाय् उलहिनिल् ॥
तोत्तमाय्निन्न शुडरे तुयिलेलाय् ।
मात्तारुनक्कु वलितोलैन्दुन् वाशर्कण् ॥
आत्तादुतन्दुन्नडि पणियुमापोले ।
पोत्तियाम्बन्दोम् पुकलन्देलोरेम्बावाय् ॥२१॥

सारार्थ—हे नन्दनन्दन ! तपाईका पिताका साथ निरन्तर दूध दिने यस्ता ठूलाठूला गाईहरू छन्, जस्मा दुहुँदा एक एकको दूध ढुङ्ग्राबाट बाहिर पोखिन लाग्दछ । तपाई उठ्नुहोस् । तपाईको हामी सँग ठूलो अनुराग छ । तपाई परब्रह्म हुनुहुन्छ । तपाई तेजोमय रूपले यो लोकमा प्रकट हुनुभएको हो । तपाई जाग्न् होस् । विरोधीहरू जसरी हजूरका पराक्रमका समक्ष आफ्नो बलको घमण्ड त्यागेर तपाईका द्वारमा आएर वन्दना गर्ने स्थितिमा उपस्थित हुँदै स्तुति गर्दछन् । त्यै प्रकारले हामीहरू पनि तपाईको स्तुति गर्दछौं ।

स्पष्टार्थ—

नन्दनन्दन ! श्रीमान्‌का पिताका गौ सरासरी ।
दूध दिन्छन् दुग्ध-पात्र पूर्ण भै पोखिने गरी ॥
जाग्नोस् हजूर हामीमा अनुराग अपार भो ।
तेजोमय परब्रह्म प्रभुको अवतार हो ॥
विरोधी पनि लत्रन्छन् वीरतादेखि नाथको ।
युद्धमा दृढता त्याग्छन् अहङ्कार बलादिको ॥
ईश वन्दन गर्छन् र घमण्ड सब त्याग्दछन् ।
स्तुति पूर्वकले भक्त बनिने भाव राख्तछन् ॥
त्यस्तै प्रकारका हामी गर्छौं स्तवन नाथको ।
व्रतपूर्ण हओस् स्वामिन् ! कृपा होस् नित्यरूपको ॥२१॥

गूढार्थ—

आचार्यका जाति जो छन् सम्बन्ध महिमान्वित ।
ग्रन्थाकार बनि बस्छन् दिव्य दुग्ध समन्वित ॥
सर्वेशका रहस्यादि भरिपूर्ण अनेकन ।
लेख्नुहोस् महिमा सारा पार्नोस् नित्य प्रबोधन ॥
कर्तव्य दृढता देख्ता विरोधी पनि डर्दछन् ।
कता कता लाग्नु भन्दै ती अनिश्चित बन्दछन् ॥
वन्दना नाथलाई तो श्रुति दिव्य सुशोभिता ।
अवतार छ यो मुख्य लक्ष्मीरूप पुरस्कृता ॥

अहङ्कार टुटे पछि, कृपा प्राप्ति

❀

अङ्गण्माञालत्तरशर्,   अबिमान ।
पङ्गमाय्वन्दु   निन्पल्लिक्कट्टिर्कोले ।।
शङ्गमिरुप्पार्पोल्वन्दु   तलैप्पेय्दोम् ।
किङ्गणिवाय्च्चेय्द   तामरैप्पूप्पोले ।।
शेङ्गण्शिरुच्चिरिदे   येम्मेल्विलियावो ।
तिङ्गलुमादित्तियनुमेलुन्दार्पोल्   ।।
अङ्गणिरण्डुङ्गोण्डेङ्गल्मेल्   नोक्कुदियेल् ।
एङ्गलमेर्चापमिलिन्देलोरेम्बावाय्   ।।२२।।

सारार्थ—सुन्दर विशाल पृथिवीका राजाहरू अहङ्कार टुटे पछि श्रीमान् श्री भगवान्का सिंहासनका समीपमा स्नेह पूर्वक एकत्र हुन्छन् र बस्तछन् । उसै गरेर हाँमीहरू आएर जुटेकाछौं । किङ्किणीका समान अर्धविकशित तपाईका कमलनेत्रहरूका दृष्टि के हामीहरूमा नपर्लान ?, चन्द्रमा र सूर्य साथ साथ उदय भए जस्तै तपाई आफ्ना दुबै नेत्रहरूले यदि हाँमीहरूमा दृष्टि दिनुहुन्छ भने, हाँम्रा सारा पाप नष्ट हुने छन् ।

स्पष्टार्थ—

पृथिवीका महान् राजा अहङ्कार टुटे पछि ।
पाद-पीठ समीपमा स्नेह लो बस्तछन् पछि ॥
उसै गरेर हामो लौ जुटेकाछौं समीपमा ।
अहङ्कारहरू सारा छुटेका छन् समस्तमा ॥
किङ्किणी तुल्य छन् अर्थ विकासोत्तम नेत्र तो ।
महिमा दृष्टि के त्यस्ता न पर्लान् र यथास्थिति? ॥
चन्द्र-सूर्य भरी नेत्र दुवै छन् नाथका सफा ।
शीत-तप्त पनि त्यस्तै कार्य हुन्छन् विचित्रका ॥
त्यस्ता दृष्टि कृपा साथ हामोमा पर्दछन् भने ।
हाम्रा पापहरू सारा हुन्छन् निश्चय नाशिने ॥२२॥

गूढार्थ—

अहङ्कार छुटेदेखि श्रोशको तत्त्व बुझ्दछन् ।
मुमुक्षु पनि त्यै बेला प्रभु-सन्निधि भेट्तछन् ॥
प्रभु-पाद महाँ जुट्ता अहङ्कार हराउँछ ।
कटाक्ष दिव्य प्रभुको शीघ्र नै प्राप्त गर्दछ ॥
व्यापकाकारको राम्रो स्वामित्व बुझि सेवन ।
गर्दा परेश दृष्टिले हुन्छ दिव्य सनातन ॥
आफ्नै इन्द्रिय छन् शत्रु असुरोपम तो सब ।
कृपा ईश्वरको भेटी सप्रिन्छन् शत्रु तो सब ॥

मन मन्दिरका स्वामीको प्रभाव

❀

मारिमलैमुलञ्जिल मन्निक्किडन्दुरङ्ग्.म् ।
शीरिय शिङ्गमरिवुत्तुत्तीविलित्तु ॥
वेरिमयिर्पोङ्ग वेप्पाडुम्पेर्न्दुदरि ।
मूरिनिमिर्न्दु मुलङ्गिप्पुरप्पट्टु ॥
पोदरुमापोले नीपूवैप्पूवण्णा, उन् ।
कोयिलिनिङ्ङने पोन्दरुलि, काप्पुडैय ॥
शीरिय शिङ्गाशनत्तिरुन्दु, याम् वन्द ।
कारियमाराय्न्दरुलेलोरेम्बावाय् ॥२३॥

सारार्थ—वर्षाकालमा पर्वतका गुफामा गहोरो नीद लिएर पराक्रमी सिंह जसरी अग्नि समान चम्कने आफ्ना नेत्र खोल्दछ, आफ्ना रौं ठाडा पार्दछ । शरीर हल्लाएर हात पाऊ तन्काउँदै हाई गर्दछ र गर्जन्छ । अनि ओडारबाट बाहिर आउँदछ । यस्तै प्रकारले हजुर यता आएर सुन्दर सिंहासनमा विराजमान हुँदै हामीहरू आएका विषयमा विचार गरेर अनुग्रह गरिबक्सियोस् ।

स्पष्टार्थ—

वर्षा-कालमहाँ सिंह पर्वतीय गुफा प्रति ।
गाढ निद्रा पछी हेर्छ ठूला नेत्र टलक्क ती ॥
अग्नि समानका नेत्र चम्कन्छन् तीव्र अद्भुत ।
ठाडा रोमहरू पार्छ आङ्तान्छ बलान्वित ॥
हल्लाउँदै हातहरू लामा पार्छ र कम्मर ।
तान्दै हाई पनि त्यस्ले गर्नलाग्दछ सर्सर ॥
गर्जन्छ जोरले फेरी निस्कन्छ बाहिरै पनि ।
सिंहावलोकन सँगै हिड्छ लम्केर त्यो अनि ॥
उसै गरेर आपनै यो सिंहासनमहाँ बसी ।
विचार गरिवक्स्योस हाँम्रो आगमन स्थिति ॥२३॥

गूढार्थ—

गुफा वेदोक्त हृदय उस्मा ईश्वर बस्तछन् ।
लीला कटाक्षको इच्छा भक्तवर्ग पुकार्दछन् ॥
प्रभुका नेत्र जस्ता हुन् हाँम्रा आचार्य मुख्य ती ।
उन्कै कटाक्ष भेट्तामा मान्छौं ईश्वर-दृष्टि ती ॥
वेदका शब्द हुन् रोम सार हल्लनु हात हो ।
त्यस्तै परेशको हाई जित्नु ती पर-पक्ष हो ॥
वेदोच्चारण गर्जिन्छ साक्षात् ईश्वररूपमा ।
हृदयस्थ उँनैलाई गर्छन् साधक प्रार्थना ॥

मङ्गला शासन

अन्निव्वुलहमलन्दायडिपोत्ति ।
शेन्नङ्गुत्तेन्निलङ्ग शेत्तारित्तरल्पोत्ति ॥
पोन्नच्चवहडमुदैत्ताय्पुहल्पोत्ति ।
कन्रुकुणिलावेरिन्वाय् कलल्पोत्ति ॥
कुन्रुकुडैयावेडुत्ताय् कुणम्पोत्ति ।
वेन्रुपहैकेडुक्कम् निन्कैयिल् वेल्पोत्ति ॥
एन्नेन्रुन्शेवहमे येत्तिप्परैकोल्वान् ।
इन्रुयाम् वन्दोमिरङ्गेलोरेम्बावाय् ॥२४॥

सारार्थ—त्यो दिन त्रिविक्रमावतारमा प्रभुले यो संसारलाई आफ्ना चरणले नाप्नु भएको थियो। यस्ता श्री चरणको जय होस्। श्रीरामावतारमा लङ्कालाई नाश गर्नु भएको थियो। तपाईका तेजलाई जय होस्। श्रीकृष्णावतारमा शकटासुरलाई लातमारेर मार्नु भो। वत्सासुरलाई कपित्थासुरमा पछारेर मार्नु भो। यस्ता श्रीचरणको जयहोस्। गोवर्धन पर्वतलाई छाता जस्तो बनाएर धारणगर्नु भएको थियो। यस्ता सौशील्य गुणको जयहोस्। हजुर शत्रुहरूलाई जितेर शत्रुभाव मेटाइ दिनुहुन्छ। तपाईका करकमलमा स्थित सुदर्शनचक्रलाई जय होस्। हजूरको वीर गाथा गाएर वाद्य प्राप्त गर्न हाँमी आएका छौं। दया गरिबक्सियोस्।

स्पष्टार्थ—

आफ्ना चरणले विश्व नाप्नुभो स्वामिवर्यले ।
यस्ता चरणको गाऊँ जय शब्द सप्रेमले ॥
आफैं पुगेर लङ्कामा दुष्ट संपूर्ण मार्नुभो ।
तेजस्वी उँनिको नित्य जयघोष हुओस यो ॥
कपित्थ, वत्सका साथै शकटासुर मार्नुभो ।
यस्ता चरणको नित्य जय-गान हुओस यो ॥
गिरिराज भए छाता सौशील्य गुणले गरि ।
जय होस् नाथको नित्य स्मृति पुष्प सधैं भरी ॥
हाम्रा शत्रु मार्नुभयो सुदर्शन लिईकन ।
जय-होस् वीर स्वामीको वाद्य पाउँ सनातन ॥२४॥

गूढार्थ—

गुणगान परात्माको पुरुषार्थ विशिष्ट हो ।
अनन्य भावना यस्मा दृढ निश्चय पाछुं यो ॥
अहङ्कार सबै मास्ने श्रीकृष्ण पुरुषोत्तम ।
आधार उनिको जानि लिनु आश्रय उत्तम ॥
अपचार नगर्नु नी योग्य उत्तम भक्तको ।
हानि हुनेछ गर्दामा बुझ्नुपर्छ विवेक यो ॥
वटु, श्रीराम, कृष्णादि अवतार लियोकन ।
चरणाश्रयको काम गर्नुभो योग्य उत्तम ॥

श्रीभगवत्कृपा

❀

ओरुत्तिमहनाय्पिरन्दु, ओरिरविल् ।
ओरुत्तिमहनायय्योलित्तु वलर ॥
तरिक्किलानाहित्तान् तोङ्गुनिनैन्द ।
करुत्तैप्पिलैप्पित्तुक्कञ्जन् वयित्तिल् ॥
पेरुप्पेन्न निन्र नेडुमाले, उन्नै ।
अरुत्तित्तु वन्दोम् परैतरुदियाहिल् ॥
तिरुत्तक्कशेल्वमुम् शेवहमुम् याम्पाडि ।
वरुत्तमुम् तोरन्दु महिल्न्देलोरेम्बावाय् ॥२५॥

सारार्थ—एक माताको पुत्र हुँदै जन्म लिएर यौटै रातमा दोस्रो माताको पुत्र हुने तपाई हुनुहुन्छ। लुकी लुकी तपाई ठूलो हुनुभो। यो कङ्सलाई सहन भएन। तपाईले कङ्सका विरोधी विचारलाई व्यर्थ बनाइ दिनुभो। तपाई उसका पेटका अग्नि बन्नुभो। तपाई यदि अपेक्षित वाद्य हामीहरूलाई दिनुहुन्छ भने लक्ष्मीकै अनुरूप तपाईका ऐश्वर्य र वीर्यको हामीहरू गान गर्दछौं। हाम्रा कष्ट मेटिनेछन् र हामीलाई पुष्टि मिल्नेछ।

स्पष्टार्थ—

अवतार भयो यौटी माताका साथ उत्तम ।
अर्कीका पुत्र बन्ने हे गोप्य योजक सज्जन ! ॥
सहेन कंसले साह्रै विरोधी दुष्ट बन्न-गो ।
उस्का उदरको अग्नि स्वामीश्वर हुनूभयो ॥
अपेक्षित दिनोस् वाद्य गाउँछौं प्रेमले सदा ।
श्रीलक्ष्मी अनुरूपा हुन् नाथको योग्य सर्वदा ॥
ऐश्वर्य वीर्य प्रभुका वात्सल्यादिक छन् गुण ।
माधुर्य गान लयले गर्छौं कीर्तन उत्तम ॥
मेटियोस कष्ट हाम्रो यो सन्तोष दिनुपर्दछ ।
प्रभुले भाव हाम्रो यो संझी बक्सिनुपर्दछ ॥२५॥

गूढार्थ—

यौटै जन्म लिंदा दोटी माता निश्चय पारने ।
वेदस्वरूप श्रीकृष्ण विनाको अरु पाईंने ॥
द्रोही चिन्तक हो कंस उस्को उद्धार गर्नुभो ।
जस्ता प्रकारले होस् ऊ चिन्त्य हुन् प्रभु जान्नु यो ॥
भक्ति पूर्वकले पुष्प फल अन्नादि अर्पण ।
गर्नमा प्रभु सन्तुष्ट हुने आज्ञा छ उत्तम ॥
सजीला कर्म गर्दैमा अपेक्षित फलोत्तम ।
दिने नारायणकन गर्नु आत्म निवेदन ॥

शरणागतिको अपेक्षित तत्त्व

❀

माले मणिवण्णा मार्हलि नीरोडुवान् ।
मेलैयार् शेय्वनहल् वेण्डुवन केट्टियेल् ॥
ञालत्तैयेल्लाम् नडुङ्ग मुरल्वन ।
पालन्नवण्णत्तुन् पाञ्जशन्नियमे ॥
पोल्वन शङ्गङ्गल्पोय्प्पाडुडैयनवे ।
शालप्पेरुम्परैये पल्लाण्डिशैप्पारे ॥
कोलविलक्के कोडियै विदानमे ।
आलिनिलैयाय्अरुलेलोरेम्बावाय् ॥२६॥

सारार्थ—हे व्यामोहिन् ! नीलमणे ! महापुरुषहरूद्वारा गरिने धनुर्मास व्रताङ्ग स्नानकालागि कुन पदार्थको आवश्यकता छ । यदि यो तपाई जान्न इच्छा गर्नु हुन्छ भने ? सुन्नुहोस्,—हामीलाई विजय-ध्वनि भएको, पृथिवीलाई पनि आश्चर्यलाग्ने, दूध जस्तो सेतो रङ्गको शङ्ख चाहिएको छ । त्यो शङ्ख तपाईके पाञ्चजन्य जस्तो होस् । अरू ठूला वाद्य, मङ्गल दीप, ध्वजा र चँदुआहरू मङ्गलाशासन गर्न इच्छा गर्ने हामीहरूले व्रतपूर्ण गराउँनलाई याचना गर्दछौं । हे वटपत्रेश ! यस्तो कृपापूर्वक दिनुहोस् ।

स्पष्टार्थ—

व्यामोहिन्! श्याम हे देव! धनुर्मास महोत्सव ।
महापुरुषले गर्थे सामान बक्सियोस् अब ॥
ती नाम सुन्न सबको इच्छा छ प्रभुमा भने ।
सुनि बक्सिनुहोस् भन्छौं सुन्दामा सब जानिने ॥

चाहिएको छ त्यो शङ्ख विजय-ध्वनिले युत ।
जो शब्द सुन्दा पृथिवी बन्छिन् आश्चर्य संयुत ॥
सेतो दूध सरी त्यो होस् पाञ्च जन्य समानको ।
मङ्गलाशासन–प्रेमी बजाऊँ वाद्य अन्य जो ॥
मङ्गलार्थक यी दीप चँदुवा ध्वज उत्तम ।
वटपत्रेश ! ती बक्स्योस् व्रत पूर्ण गराउँन ॥२६॥

गूढार्थ—

मन्त्रस्नान अलङ्कार, भोज्य, पर्यङ्क, चादर ।
शङ्ख, पाद्य, पादपीठ, दीप, ध्वज र आदर ॥
पूजार्थ चाहिने यी हुन् विधिज्ञ गुरुदेव हुन् ।
कर्तामा न्यूनता आए प्रायश्चित्त गराउँछन् ॥
पद पद्म हऊन् इच्छा अरु इच्छा नता लिने ।
यस्ता आचार्य हाँम्रा हुन् सेवा मैं ऊ रमाउँने ॥
योगज्ञका प्रार्थनामा वटपत्रेश बन्नु भो ।
कृष्णावतार उन्कै हो उन्कै शरण योग्य हो ॥

श्रीभगवद्रसानुसन्धान

❀

कूडारै वेल्लुं शीर्कोविन्दा उन्तन्नैप् ।
पाडिप्परैकोण्डु याम्पेरुशम्मानम् ।।
नाडुपुहलुम् परिशिनाल् नन्राह ।
शूडहमे तोल्वलैये तोडे शेविप्पूवे ।।
पाडहमे येन्रनैय पल्कलनुम् याम्णिवोम् ।
आडैयुडुप्पोमदन्पिन्ने पाल्शोरु ।।
मूडनेय्पेय्दु मुलङ्गं वलिवार ।
कूडियिरुन्दु कुलिर्न्देलोरेम्बावाय् ।।२७।।

सारार्थ—हे गोविन्द ! जो तपाईंका स्वाभिमुख हुँदैनन्, उनलाई पनि जितेर आफ्नै स्वाभिमुख बनाउँन तपाईं समर्थ हुनुहुन्छ। तपाईंको गुणगान हामीहरूले गायौं। नगरा आदि वाद्य हामीहरूलाई प्राप्त भए। अब यस्तो सन्मान मिल्नु पर्दछ, जस्को सबैले प्रशंसा गरुन्। हातमा चूरा, भुजामा बाजू, दुवै कानमा कुण्डल र अर्क फूलहरू हुन्। पाऊमा नूपुर आदि तरह तरहका आभूषणहरू र रेशमी वस्त्रहरू हामी लगाउँदछौं। अनि जुन क्षीरान्न कुहुनाबाट नै घीऊ चुहुन्छ कि ? जस्तो घीऊ टप्किएको होस्। त्यो क्षीरान्न भोग लगाएर बाँट्तछौं र खान्छौं।

स्पष्टार्थ—

हे श्रीगोविन्द देवेश ! जो स्वाभिमुख छैनता ।
स्वामीले पारिवदिलन्छ सुस्वाभिमुख सर्वदा ॥
प्रभुका गुणको गान गाँयौं स्नेह लियीकन ।
नगरा वाद्य हामीमा भए प्राप्त सनातन ॥
सन्मान अब पाउँलौ प्रशंसा अति उत्तम ।
चूरा बाहुमहाँ हुन् तौ नूपुरादिक भूषण ॥
सनातन सबै स्वच्छ पाछौं दिव्य प्रभा-मणि ।
रेशमी वस्त्र लाएर हुन्छौं मङ्गलरूपिणी ॥
कुहुनाबाट नै घीऊ खस्छ जस्तो टपक्कको ।
क्षीरान्न भोग लाएर बाँड्छौं खान्छौं पवित्र यो ॥२७॥

गूढार्थ—

मूढ पापी महान् तुच्छ मायाले हृत-बुद्धि तौ ।
ओशमा न्यास बन्दैनन् लियी आश्रय आसुरी ॥
वाद्य-घोष र नृत्यादि गर्दै कीर्तन प्रेमले ।
सन्मान प्रभुको गर्दा नाशिन्छन् पाप जोरले ॥
परात्मालाइ अर्पेका सारा दिव्य प्रसाद तो ।
बाड्ने खाने भक्तहरू भेट्छन् योग्य कृपा जति ॥
गुण आचार्यका हुन्छन् चुहेका घृत कै सरी ।
कल्याण-गुण गाएर परेश-गुण-माधुरी ॥

शरणागतिमा अकिञ्चनता

करवैहलिपन् शेन्रु कानञ्शेर्न्दुण्बोम् ।
अरिवोन्रुमिल्लादवाय्क्कुलत्तु उन्रन्नैप् ॥
पिरवि पेरुन्दनै पुण्णियम् यामुडैयोम् ।
कुरैवोन्रुमिल्लाद कोविन्दा, उन्रन्नोडु ॥
उरवेल्नमक्किङ्गोलिक्कवोलियादु ।
अरियादपिल्लैहलो मन्बिनाल्, छन्नन्नैच् ॥
चिरुपेरलैत्तनवुञ्शीरियरुलादे ।
इरैवानोताराय् परंयेलोरेम्बावाय् ॥२८॥

सारार्थ—दूधारूगाईहरू चलाउँन गाईहरूका पछि पछि वन गएर शरीर पोषणका लागि भोजन गर्नेभएको हामोहरूका भाग्यले हजूरलाई गोपिनो कै जातिमा जन्म लिएका पायौं। हे गोविन्द ! हजूरमा कुनै प्रकारको अपूर्णता पाएनौं। हजूरका साथ हाम्रो जो सम्बन्ध छ, त्यो कसैले मेटाउँन सक्तैन। हे सर्वेश्वर ! हामो मर्यादा जान्दैनौं। हामो सानो बालिकाहरूले प्रेमपूर्वक तपाईलाई जो साधारण नामले बोलायौं, त्यसले हजूर अप्रसन्न नहुनुहोस्। तर प्रेममा कुनै कमो छैन। हाम्रा अपेक्षित वाद्यादि प्रदान गरेर अनुगृहीत गर्नु होस्।

स्पष्टार्थ—

शरीर पोस्नमा मात्र जान्ने हामीहरूकन ।
कृपा गरेर हो गोप-वंश-कृत्य अनेकन ॥
ज्ञानहीन सबै हामी के ? बुझ्छौं तत्त्व श्रीशको ।
प्रभाव धैर्यता मर्म तथापि स्नेह पूर्ण भो ॥
अपूर्णता छँदैछैन पूर्णता हो सनातन ।
गोविन्द ! श्रुतिले गाए गाउँछौं नाम उत्तम ॥
प्रभुका साथमा हाम्रो जो सम्बन्ध अटूटछ ।
मेटाउँन न ता सक्ने कुनै सामर्थ्य बन्दछ ? ॥
मर्यादा पनि जान्दैनौं नामलो हलुको छ कि ? ।
अपेक्षित भिलुन् वाद्य कृपाकाङ्क्षीहरूप्रति ॥२८॥

गूढार्थ—

रहस्य त्यो नभै प्रेम गर्नेमा पनि श्रीशले ।
कृपाले शीघ्र उद्धार गरिबक्सिन्छ स्नेहले ॥
शरणागतिका भक्त ज्ञान-हीन भए पनि ।
गर्नुहुन्छ कृपा नाथ भक्त-प्रेम-शिखामणि ॥
श्रीकृष्ण प्रभुमा सानो अपूर्ण पनि छैन त्यो ।
श्रुति र भू गरी रक्षा गोविन्द कहिनू भयो ॥
नव सम्बन्ध छन् हाम्रा श्रीसर्वेश्वर कृष्णमा ।
स्नेह सम्बन्ध राम्रो होस् श्रीसर्वेश्वर नाथमा ॥

शरणागति

शित्तञ्शिरुकाले वन्दुन्नैच्चेवित्तु, उन् ।
पोत्तामरैयडिये पोत्तुं पोरुल्केलाय् ॥
पेत्तम्मेय्त्तुण्णुङ्कुलत्तिपिरन्दुन्द नी ।
कुत्तेवलेङ्गलैक्कोल्लामर्पोहादु ॥
इत्तैप्परैकोल्वानन्रुकाण् कोविन्दा ।
एत्तैक्कुमेलेल्पिरविक्कुम्, उन्नोडु ॥
उत्तोमेयावोमुनक्के नामाट्चेय्वोम् ।
मत्तैनङ्गामङ्गल्मात्तेलोरेम्बावाय् ॥२९॥

सारार्थ—हे गोविन्द ! धेरै विहान आएर हजुरलाई प्रणाम गर्ने, पद पद्म-पुष्पको मङ्गलाशासन गर्ने हाम्रो प्रयोजन सुन्नुहोस् । आज हामीहरू केवल वाद्य माग्न मात्र आएका होइनौं । यस जन्ममा र अर्को जन्ममा पनि हामीहरू सँग हजुरको सम्बन्ध यथावत् स्थापित रहोस् । हजुरको सेवा हामीलाई चाहिन्छ । गाईहरू चह्राएर जीवन निर्वाह गर्ने गोपकुलमा हजुरले जन्म लिनुभएको छ । अतः तपाईंले हाम्रो सेवा स्वीकार गर्नै पर्दछ । हजुरले हाम्रो सेवा स्वीकार गरेर हाम्रा अरु कामनाहरू हटाउँनुहोस् ।

स्पष्टार्थ—

हे श्रीगोविन्द भगवन् ! बिहानै उठि नाथका ।
पदपद्म महाँ गर्छौं प्रणाम अति स्नेहका ॥
मङ्गलाशासनहरू गर्ने जो छ प्रयोजन ।
सुनिवक्सनु त्यो पर्छ तथ्य ज्ञान लिनाकन ॥
आज केवल तो वाद्य माग्दछौं न त बुझ्नु यो ।
यो जन्ममा र अरुमा श्रीश-सम्बन्ध चाहियो ॥
सेवा मिलुन् गोपवंशिन् ! हाम्रै जातीयका हुँदा ।
सम जातीयका सेवा स्वीकृति गर्नुहोस् सदा ॥
अरु जो कामना हुन्छन् तो सबै दूर गर्नुहोस् ।
परेशका सबै सेवा दिने मात्र कृपा हओस् ॥२९॥

गूढार्थ—

वर्णाश्रमी सबै नित्य नियमी हुनुपर्दछ ।
यस्का आधारले दिव्य प्रभुमा प्रेम बढ्दछ ॥
मङ्गलाशासन सदा गर्दा दिव्य प्रयोजन ।
ज्ञान हुन्छ यसैले जै प्रयोजन बुझ्नुन् जन ॥
अबोध पशुमा जस्तै आफ्ना जातीय मिल्दछन् ।
त्यस्तै श्रीश लिउँन् हाम्रो सेवा कार्य प्रपूर्ण हुन् ॥
बाह्य जो कामना होलान् हटुन् ससंर लोकका ।
सेवा मिलुन् परात्माका त्रुटिहीन विशिष्टका ॥

परम पुरुषार्थ

❀

वङ्गक्कडल्कडैन्दामादवनैक्केशवनै ।
तिङ्गल्तिरुमुहत्तुच्चेयिलैयार्शेन्रिरैञ्जि ॥
अङ्गप्परैकोण्डवात्तै, अणिपुदुवैप् ।
पैङ्गमलत्तण्डेरियर्पट्टर्पिरान् कोदै शोन्न ॥
शङ्गत्तमिल्मालै मुप्पदुं तप्पामे ।
इङ्गिप्परिशुरैप्पारीरिरण्डुमाल्वरैत्तोल् ॥
शेङ्गण् तिरुमहत्तु च्चेल्वत्तिरुमालाल् ।
एङ्गित्तिरुवरुल्पेत्तिन्बुरुवरेम्बावाय् ॥३०॥

सारार्थ—तरङ्गयुक्त सागर मथन गर्ने हे माधव! हे लक्ष्मीपते! हे ब्रह्मा र रुद्रका स्वामिन् ! केशव ! हजूर श्रीकृष्णका समीपमा पुगेर वन्दना गर्दै आभूषणयुक्ता चन्द्र-मुखी गोपकन्याहरूले वाद्यादि जेसुकै प्राप्त गरे । त्यो वर्णन गर्ने जगत्को रमणीय हरीयो श्रीविल्लि-पुत्तूरको निवासी शीतल पोखरीका कमल पुष्पहरूका माला लगाएकी श्रीभट्टनाथको कन्या श्रीगोदादेवीले द्रविड भाषाका यी पद्यहरूको माला गुँथ्नुभो यी पद्यमाला तत्परताले पारायण गर्ने व्यक्तिहरू उच्च पर्वत तुल्य स्कन्ध भएका अत्यन्त सुख सौन्दर्य भएका कमल-नयन श्रियः पतिलाई प्राप्त गर्दछन् र सुखी हुनेछन् ।

स्पष्टार्थ—

श्रीपतिले मथेको हो तरङ्गयुत सागर ।
उनकै समीपमा जाऊँ ऊ हुन् कृष्ण मनोहर ॥
गोपी चन्द्रमुखी उनकै गर्दछन् योग्य वन्दना ।
अनुयायी भई रच्ने गोदा हुन् पुष्पहारमा ॥
श्रीविष्णुचित्तकी पुत्री थी हुन् द्राविड गायिका ।
विल्लुपुत्तूरमा बस्ने वटपत्रेश सेविका ॥
यी पद्य गाउँने व्यक्ति उनै सर्वेश श्रीपति ।
पर्वताकारका स्कन्ध नारायण चतुर्भुजी ॥
श्रीमान् कमलपत्राक्ष मुख सौन्दर्य माधव ।
दयावान्लाई भेटेर सुखी बन्दछ मानव ॥३०॥

गूढार्थ—

श्रीनारायण हुन् नित्य परतत्त्व प्रवोधक ।
अवतार लिने कृष्ण वात्सल्य गुण वर्धक ॥
देवासुर मिली सारा मथे थे पूर्ण सागर ।
त्यस्मा श्रीपरमात्माको थियो शक्ति सरासर ॥
तुलसी वनमा लक्ष्मी गोदा भै अवतार भो ।
फलेच्छा छ भने लेख्रो व्रत यो भनि वक्सियो ॥
अनुसन्धान मेरो भो गर अभ्यास तन्मय ।
श्रीशका ध्यानले हुन्छ अनुग्रह फलोदय ॥

—: o :—

मंगलाशासन

पल्लांडु पल्लांडु पल्लायिरत्तांडु ।
पलकोटि नूरायिरम्
मल्लाण्ड तिण्डोल् मणिवण्णा ।
उन् सेवडि शेव्वि तिरुक्काप्पु ॥
आडियो मोडुम् निन्नोडम्
परिविन्न आयिरंम् पल्लांडु,
वडिवाय् निन् वलमार्बिनिल्
वाडुगिन्न मगैयुम् पल्लांड,
वडिवार् शोदि वलत्तुरैयुम्
शुडराडियुम् पल्लांडु ।
पडैपोर् पुक्कु मुडुगुँम्
अप्पांञ्ज शन्नियमु पल्लांडे ॥
श्रियः कांताय कल्याण निधये निधयेर्थिनां ।
श्रीवेङ्कटनिवासाय श्रीनिवासाय मंगलम्
मंगलाशासन परैः मदाचार्य पुरोगमैः
सर्वैश्च पूर्वैराचार्यैः सत्कृतायास्तु मंगलम् ॥
उल्लास पल्लवित पालित सप्तलोको,
निर्वाह कोरकित नेमकटाक्ष लीलाम्
श्रीरंग हार्म्यतल मंगलदीपरेखां ।
श्रीरंगराज महिषीं श्रियमा श्रयामः ॥

● ● ●

लेखक तथा प्रकाशक :

चूडामणि शास्त्री

श्रीवेङ्कटेश छापाखाना (प्रा.) लि.
महेन्द्रनगर, कञ्चनपुर
(म. अ.)